# gjlj sNk

(धवलागिरिमा सर्वाधिक लोकप्रिय पत्रिका)

web: www.bikalpanews.com /bikalpanews /NawabikalpaWeek

साप्ताहिक

वर्ष ९ अङ्क १८ पूर्णाङ्क ४०७ | आइतवार, माघ २, २०७३ | Jan. 15, 2017, Sunday | पृष्ठसङ्ख्या ६+२ | मूल्य रु. १०/-




बेनीमा पुर्ख्यौली नाच: फोटो कथा

पृष्ठ २ मा

# कागजमै सीमित सूचनाको हक

- कार्यान्वयन पक्ष कमजोर
- सूचना लुकाउने खोज्ने प्रवृत्ती हावी
- इच्छाशक्तीको कमी प्रमुख चुनौती
- कार्यान्वयन गर्ने कार्यालय प्रमुखहरुको प्रतिवद्धता

■ सन्तोष गौतम/नवविकल्प

करिब एक दशकअघि लागू भएको सूचनाको हक सम्बन्धि ऐन ब्यवहारिक रूपमा कार्यान्वयन नहुँदा कागजमैं सीमित भएको छ ।

सरोकारवालाको वेवास्ता, सर्वसाधारणमा जानकारी नहुनु र कर्मचारीमा इच्छाशक्तीको कमी म्याग्दीमा ऐन कार्यान्वयनका लागि चुनौती देखिएका छन् ।

सार्वजनिक निकायमा पारदर्शीता,सुशासन र जवाफदेही प्रणालीको विकास गर्न वि.स २०६४मा छुट्टै ऐन कार्यान्वयनमा ल्याइएको थियो । वि.स २०७२ मा जारी भएको संबिधानले मौलिक हकको रूपमा ब्यारव्या गरिएको सूचनाको हक सम्बन्धि ऐन कार्यान्वयनका लागि राष्ट्रिय सूचना आयोगको समेत गठन भएको छ ।

ऐनमा प्रत्येक सार्वजनिक निकायले तीन/तीन महिनामा आफ्नो निकायसँग सम्बन्धित सूचना अद्यावधिक गरी प्रकाशन गर्नुपर्ने ब्यवस्था गरेको छ । यसरी स्वत: सार्वजनिकरण गरिने बाहेकका थप सूचना कसैलाई आवश्यक परेमा यस्ता सूचना प्रवाह गर्न प्रत्येक सार्वजनिक निकायले सूचना अधिकारीको ब्यवस्था गर्नुपर्ने कानूनी प्रावधान छ ।

ऐनमा सार्वजनिक निकायले सूचना अधिकारीको नाम, सर्म्पक ठेगाना, फोन नम्बर आम नागरिकले थाहा पाउने गरी कार्यालयको सूचना पाटीमा राख्नुपर्ने उल्लेख छ । म्याग्दीमा सूचना अधिकारीको जिम्मेवारी पाएका कर्मचारीनै सूचना बिहीन हुनु, सूचना दिन डराउनु, सूचनाका लागि कार्यालय प्रमुखकहाँनै पुग्नुपर्ने र सकेसम्म सूचना लुकाउन खोज्ने ब्यवहारका कारण ऐन कार्यान्वयन हुन नसकेको पत्रकार घनश्याम खड्काले बताउनुभयो ।



*बेनी नगरपालिका कार्यालयले सूचना पाटीमा सार्वजनिक गरेको मासिक खर्च विवरण देखाउदै लेखापाल ।*

*तस्विर नवविकल्प*

“आफैले सार्वजनिक गर्नुपर्ने सार्वजनिक सरोकारका सूचना सकेसम्म लुकाउने प्रवृत्ती र ब्यवहार छ“ खड्काले भन्नुभयो “सूचना लुकाउनुमा केही न केही रहस्य पक्कै छ ।“ पत्रकार मात्र नभएर आम नागरिकको हैसीयतमा सार्वजनिक निकायले प्रवाह गर्ने सेवा सुबिधा, गतिबिधि, बजेट विवरण थाहा पाउने अधिकार कानुनले सबैलाई दिएको छ ।

सरकारले निशूल्क उपलब्ध गराउने औषधि र त्यसको जिल्लामा उपलब्ध विवरण सम्बन्धि सूचना माग गरिएको निवेदन दर्ता गर्न जिल्ला स्वास्थ्य कार्यालयमा जाँदा कर्मचारीले निवेदन दर्ता गर्ननै नमानेको खड्काले बताउनुभयो ।

अर्का पत्रकार ठाकुरप्रसाद आचार्यले निवेदन दर्ता भएको बढीमा १५ दिनमा सूचना उपलब्ध गराउनुपर्ने कानुनी ब्यवस्था भएपनि

बाँकी पृष्ठ ७ मा

# बेनीमा पुर्ख्यौलीको रौनक

■ नवविकल्प



परम्परागत पुर्ख्यौली नृत्यको कला, ज्ञान र सीपलाई पुस्ता हस्तान्तरण गर्ने उद्देश्यले नेपाल मगर संघ म्याग्दीले बेनीमा जिल्ला स्तरीय प्रतियोगिता आयोजना गरेको छ । बुढापाकामा सिमीत पुर्ख्यौली नृत्यको सीप र कला युवायुवतीहरूमा हस्तान्तरण गर्ने प्रतियोगिताको लक्ष्य रहेको छ ।

पाश्चात्य संस्कृतिको बढ्दो प्रभावका कारण लोप हुने अवस्थामा पुगेको परम्परागत कला, संस्कृतिको जर्गेना गर्न युवाहरूमा जागरण सिर्जना गर्ने उद्देश्यले प्रतियोगिता आयोजना गरिएको नेपाल मगर संघ म्याग्दीका सचिव लोकेश पुनमगरले बताउनुभयो ।

माघे संक्रान्ति पर्वको अवसरमा बेनीमा सञ्चालित प्रतियोगितामा २१ समूहले सहभागिता जनाएका थिए । प्रत्येक समूहमा कम्तीमा चार जना युवालाई सहभागिता बनाइएको सचिव पुनले बताउनुभयो ।

दोस्रो जिल्ला स्तरीय पुर्ख्यौली नृत्य प्रतियोगिता नाम दिइएको कार्यक्रममा सहभागि हुन म्याग्दीका सबै जसो मगर बस्तीबाट कलाकारहरू बेनी ओलीएका छन् । पर्वतको उत्तरी क्षेत्र र म्याग्दीबाट पोखरामा बसाईसराई गरेका मगर समुदायले समेत प्रतियोगितामा सहभागिता जनाए ।

उनिहरूले आफ्नो ठाउँ अनुसारको पुर्ख्यौली प्रस्तुत गरेका छन् । खुल्ला मञ्चमा सञ्चालित पुर्ख्यौली नृत्य प्रतियोगिता अवलोकनका लागि अन्य समुदायको पनि बाक्लो उपस्थिती थियो ।

मगर समुदायमा जन्म, मृत्यु, बिवाह, छेवार र गाउँमा हुने बिषेश सभा समारोहमा परिवेश अनुसार पुर्ख्यौली नाच देखाउने चलन रहेको छ । लामो भाका र स्वर निकालेर गाईने गीतको भावमा डुवेर भांग्रा, कछाड, टोपीको पहिरचनमा मादल भिरेर नाचेको दृष्य निकै रोचक हुन्छ ।

अझ मादलेसंगै जोडी भएर महिलाको भेषमा नाच्ने पुरूषहरूले पुर्ख्यौली नाचमा रौनकता थपिन्छ । पुर्ख्यौली नाचमा सोरठी भाकामा गीत गाउनेको एक समूह हुन्छ भने मादल भिरेर नाच्नेलाई मादले र महिलाको भेषमा नाच्नेलाई

बाँकी पृष्ठ ७ मा


टाइपिङ, सेटिङ र डिज़ाइनका लागि भरपर्दो ठाउँ

**शर्मा डेस्कटप**

बेनीबजार, म्याग्दी

मो.नं. ९८५७६२१५६०



प्रो. नारायण जि.सी.

मो.नं. ९८५१०१८६८३, ९८५७६४०००३

**जि.सी. क्रसर उद्योग**

बेनी नगरपालिका–११, बगुवाखोला, म्याग्दी

सम्पर्क: ०६९–५२०९२०,

९८०२०६०३२२ (श्याम) ९८०५२०६२३५ (दिपक)

हाम्रा सेवाहरु

आधुनिक क्रसर मेसिनबाट उत्पादित उच्च गुणस्तरीय गिट्टी, बालुवा, ग्रावेल तथा ४ र ६ इन्चका ब्लक चाहिएमा हामीलाई सम्झनुहोस् ।

साथै

एस्काभेटर, डोजर, टिपर लगायतका हेभी इक्युप्मेन्ट चाहिएमा समेत हामीलाई सम्पर्क गर्नुहोस् ।

तपाईंको सेवाका लागि सम्पूर्ण निर्माण सामग्री एकै ठाउँमा...

**STUDY & WORK IN JAPAN**

Admission Open .........

Our Services:-

- Basic, Intermediate & advance language with audio & video classes.
- NAT-TEST, JLPT, Top-j, IELTS, TOFEL & EPS-TOPIK Prep-eration Classes.
- Free Processing.
- Part time job Supported by School.
- Above +2, Bachelor & Masters students can apply.
- High visa Sucess rate
- City on your choice

TOKYO, CHIBA, NAGOYA, OSAKA, SENDAI, HOKKALDO, FUKUOKA & Many more.

INTAKE: April/July/October/January

Your bridge for aboard study in **Japan**
for more detail visit us.............

**S. Raj Language Institute (P) Ltd.**

Sangam Chock-Beni

Contact: ☎ 069-521185, 9846779548

LIVE LEARN EARN

निर्णय हजुरको सल्लाह हाम्रो, उचित परामर्शको लागि सम्पर्क गर्नुहोला ।

**सूचना**

कपडाको झोला प्रयोग गरौं ।

वातावरण संरक्षणमा सहयोग गरौं ।

नेपाल सरकार

सूचना तथा सञ्चार मन्त्रालय

सूचना विभाग

## 5f6s/L

# बसपार्क सञ्चालन

■ नवविकल्प

म्याग्दी सदरमुकाम बेनीमा बसपार्क सञ्चालन भएको छ । एक दशकअघि म्याग्दी नदी किनारमा निर्माण भएको बहुउद्देश्यीय मैदानमा शुक्रबारदेखि सार्वजनिक सवारी साधन पार्कीङ गर्न थालीएको हो ।

सदरमुकामदेखि दरवाङ, बागलुङ र ग्रामिण क्षेत्रमा छुट्ने सवारी साधनलाई सोही स्थापनमा पार्कीङ गर्न लगाई बसपार्क सञ्चालन गरिएको जिल्ला ट्राफिक प्रहरी कार्यालयका प्रमुख तिर्थ पौडेलले जानकारी दिनुभयो । म्याग्दी नदीको मोटरेबल पुल, नगरपालीका र मालपोत कार्यालय परिसरमा सवारी साधन पार्कीङ गरिदा आवत जावतमा समस्या हुनुका साथै दुर्घटनाको जोखिम बढेको थियो । साँघुरो सडकको छेउमा अन्यस्थित रूपमा सवारी साधन पार्कीङ गरिदै आएको थियो ।

यातायातका साधनको चापसंगै पार्कीङको समस्या देखिएपछि यातायात ब्यवसायीसंग समन्वय गरेर बहुउद्देश्यिय मैदानमा जिप, माईक्रोबस, ट्याक्सी पार्कीङ गराउन थालेको जिल्ला ट्राफिक प्रहरी प्रमुख पौडेलले बताउनुभयो । सडक छेउमा रहेका टिकट काउन्टर समेत मैदानमै सार्ने तयारी भएको छ । वि.स २०६२ सालमा म्याग्दी उद्योग वाणिज्य संघले म्याग्दी नदी किनारको खाली जग्गालाई सम्माएर करिब पचास मिटर चौडाई र तिन सय मिटर लम्बाई भएको मैदान बनाएको थियो ।

बेनी नगरपालिका कार्यालयले समेत सो मैदानलाई ब्यवस्थित बसपार्क बनाउन पुर्वाधार निर्माणको योजना अघि सारेको छ । सुरक्षाको कारण देखाउदै ब्यवसायीले सो स्थानमा सवारी पार्कीङ गर्न मानेका थिएनन् । प्रहरी र सरोकारवालाले सुरक्षाको ब्यवस्थापन गर्ने प्रतिवद्धता जनाएपछि यातायात ब्यवसायी मैदानमा पार्कीङ गर्न सहमत भएका हुन् । रासस

# स्वास्थ्य चौकीलाई जग्गा दान

■ नवविकल्प

म्याग्दीको बाबियाचौर स्वास्थ्य चौकीलाई रणवाङका बासिन्दाले सोह लाख रूपैयाँ भन्दा बढी मूल्य बराबरको जग्गा उपलब्ध गराएका छन् ।

बाबियाचौर ८ रणवाङका ललीतबहादुर मल्ल, लक्षिनबहादुर मल्ल, होमबहादुर सेन र हिरा सुवेदीले चार रोपनी १२ आना जग्गा सहयोग गर्नुभएको हो । उहाँहरूले प्रतिरोपनी चार लाख रूपैया मूल्य बराबरको जग्गा उपलब्ध गराउनुभएको स्वास्थ्य चौकीका बालकृष्ण शर्माले बताउनुभयो ।

स्वास्थ्य चौकीको सुबिधासम्पन्न भवन निर्माणका लागि जग्गा उपलब्ध गराएको दाताहरूले बताएका छन् । सो स्वास्थ्य चौकी हाल सहश्रधारा स्थित मालीका युवा कल्वको भवनबाट सञ्चालन हुदै आएका छ । हाल चौकी सञ्चालनमा रहेको भवन निर्माणका लागि वि.स २०५४ मा नन्दप्रसाद गौचनले जग्गा उपलब्ध गराउनुभएको थियो ।

हाल भवन रहेको जग्गा स्वास्थ्य चौकीको भवन निर्माणका लागि अपुग भएपछि जग्गाको खोजी गरिएको थियो । स्वास्थ्य चौकीको भवन निर्माणका लागि कम्तीमा चार रोपनी जग्गा आवश्यक पर्ने मापदण्ड छ । जग्गा प्राप्ती भएपछि भवन निर्माणका लागि माथिल्लो निकायमा माग गरिएको स्वास्थ्य चौकी ब्यवस्थापन समितिले जनाएको छ ।

# पौलस्त्य माविमा पुस्तक र कम्प्युटर सहयोग

■ नवविकल्प

लायन्स क्लब अफ बेनी म्याग्दीले बेनी नगरपालिका ११ मा रहेको पौलस्त्य माध्यमिक विद्यालयलाई एक लाख ३० हजार बराबरको शैक्षिक सामाग्रि सहयोग गरेको छ ।

क्लबले शुक्रवार विद्यालयलाई एक लाख रूपैया बराबरको शैक्षिक सामाग्रि र ३० हजार बराबरको एकथान कम्प्युटर सहयोग गरेको हो ।

लायन्स क्लब अफ बेनी म्याग्दीका अध्यक्ष ठाकुर प्रसाद शर्मा, क्लबका संस्थापक अध्यक्ष एवम् लायन्स क्लब अन्तर्राष्ट्रिय ३२५ बी १ नेपालका सल्लाहकार चन्द्रकुमार केसीले उक्त सामाग्री विद्यालय ब्यबस्थापन समितिका अध्यक्ष गोविन्द बानियाँ र प्रधानध्यापक प्रेमबहादुर बानियाँलाई हस्तान्तरण गर्नुभएको हो । क्लबले विद्यालयको कक्षा १२ सम्मकै विद्यार्थीहरूलाई उपयोगी हुने बिषयगत, धार्मिक, पौराणीक, दर्शन, बिचार, साहित्य, ज्ञानबर्द्धक पाठ्यपुस्तक उपलब्ध गराएको अध्यक्ष शर्माले जानकारी दिनुभयो । क्लबका अध्यक्ष शर्माको अध्यक्षता, बरिष्ठ उपाध्यक्ष अमर बानियाँको स्वागत र विद्यालयका शिक्षक देवीप्रसाद शर्माको सञ्चालनमा कार्यक्रम सम्पन्न भएको थियो ।

# लुङ्दीमा खानेपानी र सिचाई आयोजना निर्माण

■ नवविकल्प

पर्वतको माझफाँट १ लुङ्दीमा निर्माण भएको खानेपानी र सिचाई आयोजनाको बुधबार उद्घाटन गरिएको छ ।

पर्वत क्षेत्र नम्बर १ का सांसद एवं नेपाली काँग्रेसका केन्द्रिय सदस्य अर्जुनप्रसाद जोशीले आयोजनाको उद्घाटन गर्नुभएको हो । उद्घाटन कार्यक्रममा सांसद तथा केन्द्रिय सदस्य जोशीले विकासमा एकजुट भएर अघि बढ्न आग्रह गर्नुभयो । खानेपानी तथा सरसफाई सब डिभिजन पर्वतको ३५ लाख र उपभोक्ताको दश लाख रूपैयाको लागतमा निर्माण भएको खानेपानी आयोजनाबाट लुङ्दीका १०१ घरधुरी लाभान्वित भएका छन् । यसैगरी सांसद जोशीको निर्वाचन क्षेत्र विकास कार्यक्रम अन्तरगत दश लाख रूपैयामा लुङ्दीखोला सिचाई आयोजना समेत निर्माण भएको छ ।

उपभोक्ता समितिका अध्यक्ष भिष्म मल्लको अध्यक्षता, सचिव दामोदर पौडेलको सञ्चालन र सिर्जनशिल आमा समूहकी कोषाध्यक्ष उषा केसीले स्वागत गर्नुभएको कार्यक्रममा खानेपानी तथा सरसफाई सब डिभिजन कार्यालय पर्वतका ईञ्जिनियर तिलक खत्रीले आय ब्यय विवरण सार्वजनिक गर्नुभएको थियो । कार्यक्रममा नेपाली काँग्रेसका महाधिवेशन प्रतिनिधि गंगा तिवारी, रूद्रलाल आचार्य, माझफाँट गाउँ ईकाई सभापति चन्द्रबहादुर जिसी, धाईरीङका सभापति राजु आचार्य, उत्साही युवा कल्वका रूद्र खत्री, लुङ्दी प्राबि ब्यवस्थापन समितिका अध्यक्ष मोहित मल्ल र स्थानीय अगुवा लेखनाथ रेग्मीले मन्तब्य ब्यक्त गर्नुभएको थियो ।

# फोटो कथा

ठाकुर आचार्य










माघे सङक्रान्तिका अवसरमा बेनीमा आयोजना गरिएको पुख्यौंली नाच प्रतियोगितामा नाच देखाउँदै मगर समुदाय ।

# सुन्तला खेतीले फेरियो गाउँको परिचय













म्याग्दीको बरङ्जा गाविस १ का बासिन्दाहरू व्यवसायिक सुन्तलाखेती मार्फत गाउँको परिचय फेर्ने अभियानमा लागेका छन् । अनुकुल वातावरण, भुगोल र बजार सुबिधा भएपछि बरङ्जा गाविसको वडा नम्बर १ मा पर्ने भेडाबारी र भोर्लेनीका बासिन्दा सुन्तला खेती विस्तार गरी गाउँलाई सुन्तलाबारीको रूपमा चिनाउने अभियानमा लागेका हुन् । मकै, कोदो, गहुँ लगायत अन्नबालीको विकल्पमा उनिहरुले धमाधम सुन्तला खेती विस्तार गरेका स्थानीय कृषक प्रेम गिरीले बताउनुभयो ।

भेडाबारी अहिले सुन्तलाबारीमा परिणत भएको छ भने सोही वडाको भोर्लेनी गाउँमा पनि सुन्तला खेती बिस्तार हुने क्रम बढेको छ । भेडाबारीका ओम गिरी, बेम गिरी र प्रेम गिरीले व्यवसायीक खेती गरेका छन भने भोर्लेनीका १७ घरधुरी बासीन्दा पनि सुन्तला खेती बिस्तारको अभियानमा लागेका छन् ।

बिहानको झुल्के घाम पर्ने पुर्वतर्फ फर्कीएको भिरालो पाखोमा अवस्थित भोर्लेनी र भेडाबारीको भुगोलले कृषकलाई साथ दिएको अगुवा कृषक ओम गिरीले बताउनुभयो । 'पहिले वर्षमा पाँच पाथी कोदो फल्थ्यो' गिरीले सुन्तलाबारी देखाउँदै भन्नुभयो 'त्यही जमिनमा सुन्तला लगाएर २५ हजार कमाई हुन्छ ।' सुन्तला खेतीबाट गत वर्ष दश लाख रूपैयाँ आम्दानी गरेका भेडाबारीका कृषकहरुले यस वर्ष पन्ध्र लाख रूपैया बराबरको बिक्री गर्ने लक्ष्य राखेका छन् । त्यहाँको पोखराको बजारमा निकासी हुने गरेको छ । सुन्तला बजारीकरणका लागि कृषकहरू आफै लगानी गरेर गाउँमा सडक पुराएका छन् ।

भेडाबारी र भोर्लेनीमा सुन्तला खेतीका लागि आवश्यक सिँचाई सुबिधा पनि उपलब्ध छ । स्वादीलो र रसीला सुन्तला उत्पादनका हिसावले प्रसिद्धी कमाएको भेडाबारीको सुन्तलाले बजार पाउन थालेपछि आसपासमा रहेको अन्य पाखो र बारीमा पनि सुन्तला खेती बिस्तार हुने क्रम बढेको छ ।

सुन्तला खेतीबाट उनिहरू रोजगारी सृजना र आयआर्जन वृद्धीको पथमा लम्किएका छन् । त्यहाँका बासिन्दाले न्युनतम एक सय देखि पाँच सय बोटसम्म सुन्तला खेती गरेका छन् । एक परिवारले वर्षमा साढे तिन लाख रूपैयाँ सम्म सुन्तलाबाट आम्दानी गर्छन् ।

पाँच मुरी कोदो फल्ने बारीमा सुन्तला खेती गरेर तिन लाख रूपैयाँ सम्म आम्दानी भएको कृषक बेम गिरीले बताउनुभयो । सुन्तला खेतीमा नमुना बनाउने र कृषि पर्यटन प्रर्वद्धन गर्ने उद्देश्यले शुक्रबार भेडाबारी पुगेका जिल्लाका सरकारी अधिकारीले सो क्षेत्रलाई सुन्तला गाउँ घोषणा गरेका छन् ।

कृषकहरूसंगको अन्तरक्रियाका क्रममा जिल्ला न्यायाधिश रामप्रसाद शर्माले भेडाबारीको पाखोबारीमा पहेलपुर फलेका सुन्तलाले नेपालमा गर्न सकेमा सम्भावना छ भन्ने पुष्टी गरेको बताउनुभयो । प्रमुख जिल्ला अधिकारी केशवराज आचार्यले म्याग्दीका कृषकको आयआर्जन वृद्धीका लागि सुन्तला खेतीको राम्रो सम्भावना भएको बताउनुभयो । स्थानीय विकास अधिकारी प्रेमराज गिरीले कृषकको सुबिधा र उत्पादन वृद्धीका लागि पुर्वाधार निर्माणमा जोड दिइएको बताउनुभयो । बरिष्ठ कृषि विकास अधिकृत श्यामप्रसाद रिजालले सुन्तला गाउँ घोषणा गर्दै भेडाबारीलाई कृषि पर्यटकीय स्थलको रूपमा विकास गर्न सकिने बताउनुभयो । जिल्ला भुसंरक्षण अधिकृत दिवाकर पौडेलले सुन्तलाको बगैचाभित्र अदुवा र बेसार खेती गरेर अतिरित्त आम्दानी गर्न सकिने बताउनुभयो ।

स्थानीय युवा गणेश गिरीले सञ्चालन गर्नुभएको कार्यक्रममा बरंजा र अर्मन गाविसका राजनितिक दलका प्रमनिधि र अगुवाहरूको समेत उपस्थिती रहेको थियो । कार्यक्रममा सहभागि स्थानीय बासिन्दाले दुर्गम गाउँमा पहिलो पटक कार्यालय प्रमुखहरू पुगेकोमा खुसी व्यक्त गर्दै खानेपानी, सिचाई, सडक, बिद्युत सम्बन्धि योजना माग गरेका थिए ।

***प्रस्तुति : सन्तोष गौतम***

# "अन्नपूर्ण हिमाल शिरको टोपी नचिने जस्तो भयो"

■ नवविकल्प

विश्वको दशौं र नेपालको नवौं (आठ हजार ९१ मिटर) अग्लो अन्नपूर्ण प्रथम हिमालको आधार शिविर म्याग्दीमै पर्ने भए पनि आवश्यक प्रचारप्रसार र पूर्वाधारको अभावमा यस हिमालबाट म्याग्दीले लाभ लिन सकेको छैन ।



यस हिमाललाई समेटेर २१ दिन लामो अन्नपूर्ण पदयात्रा दशकौंदेखि सञ्चालन हुँदै आए पनि नारच्याङ गाउँदेखि दुई दिनको यात्रामा पुगिने अन्नपूर्ण प्रथम आधार शिविर भने अहिलेसम्म ओझेलमा पर्दैआएको छ । पदमार्ग, क्याम्पिङ साइट, सेल्टर, खानेपानीको बन्दोबस्त लगायतका पूर्वाधार निर्माण नहुनु र प्रचारप्रसारको अभावमा अन्नपूर्ण प्रथम आधार शिविरबाट म्याग्दीले फाइदा लिन नसकेको नारच्याङका पर्यटन ब्यवसायी तेज गुरुङले बताउनुभयो ।

अन्नपूर्ण हिमालको प्रथम आधार शिविर म्याग्दीमा पर्छ भन्ने तत्थ्य पाँच वर्षअघि पत्ता लागेपनि जिल्लाबासीका लागि यो हिमाल आफ्नै शिरको टोपी चिन्न नसके सरह भएको छ । आरोहणका लागि उत्तम मानिने अन्नपूर्ण प्रथमको आधार शिविरमा नारच्याङबाट दुई दिनमै पुग्न सकिन्छ । कास्कीसँग जोडिएको अन्नपूर्ण प्रथमको पूर्वी आधार शिविरमा घान्द्रुकबाट पुग्न तीन दिन लाग्ने गर्छ ।

यो हिमालले म्याग्दी र कास्कीसँगै लमजुङ, मनाङ र मुस्ताङ जिल्ला समेटेको छ । अन्नपूर्ण हिमाल प्रभावित बासिन्दाको जीविकोपार्जन र यस क्षेत्रको पर्यटन विकासका लागि यिनै पाँच जिल्लाका ५७ गाविसलाई समेटेर अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना अहिले पनि सञ्चालित छ । प्रथम आधार शिविर पुग्न नारच्याङ हुँदै जाने पदमार्ग निर्माण गरिए पनि विभिन्न ठाउँमा आवासगृह, खानेपानी, झोलुङ्गेपुललगायत पूर्वाधार निर्माण नहुँदा पदमार्ग सञ्चालनमा आउन सकेको छैन ।

विगत चार वर्षको अवधिमा संस्कृति, पर्यटन तथा उड्डयन मन्त्रालयबाट विनियोजन भएको करिब ५० लाख रूपैया बजेटबाट नारच्याङदेखि आधार शिविरसम्म पुग्न पदमार्ग निर्माण गरिएको अन्नपूर्ण पदमार्ग निर्माण उपभोक्ता समितिका सचिव हुकुम पुनले बताउनुभयो । नारच्याङ गाउँदेखि छेलुङ जङ्गल हुँदै नीलगिरि खोलाको किनारैकिनार भएर आधार शिविर पुग्ने पदमार्ग अहिले निर्माण गरिसकिएको छ ।

यस पदमार्ग क्षेत्रमा पुल र पदमार्ग निर्माणका लागि यो वर्ष अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप)ले १० लाख रूपैयाँ बजेट उपलब्ध गराएको छ । अन्नपूर्ण हिमालको प्रचारप्रसारका लागि स्थानीय युवाले हिमालकै नामबाट अन्नपूर्ण युवा क्लबसमेत गठन गरेका छन् । यस क्षेत्रको पर्यटन विकासका लागि नारच्याङवासीले जिविसदेखि मन्त्रालयसम्म दबाब दिँदै आएका छन् । नारच्याङ गाविससमेत समेटिएको जिल्लाको उत्तरी गाविसलाई समावेश गरी प्रस्ताव गरिएको गाउँपालिकाको नामकरणसमेत अन्नपूर्ण गाउँपालिका राखिएको छ । अन्नपूर्ण हिमाल आफ्नै जिल्लामा पर्ने भएपनि अहिलेसम्म जिविसले समेत खास चासो दिएको छैन ।

केही वर्षअगाडि यस हिमाल आरोहणको रोयल्टी कास्कीमा गएको भन्दै स्थानीयवासीले जिविसमा दबाब दिएपछि मन्त्रालयमा पत्राचार भयो तर त्यसभन्दा बाहेक अरू पहल हुन सकेको छैन ।

# वेष्ट पोइन्टका विद्यार्थीले ड्रोन उडाए

■ नवविकल्प

न्यु वेष्ट पोइन्ट आवासीय माविमा अंचल स्तरीय बृहत हस्तकला चित्रकला र रोबोटेक प्रदर्शनी सम्पन्न भएको छ । प्रदर्शनीमा बागलुङ र पर्बत जिल्लाका प्रतिष्ठित बिद्यालयहरूले अबलोकन गरेका छन् । जिल्ला शिक्षा अधिकारी रामकुमार श्रेष्ठ बिद्यालय निरीक्षक दलबहादुर थापा लगायतले प्रदर्शनीको अबलोकन गरेका छन् । प्रदर्शनी अबलोकन पश्चात जिसिअ श्रेष्ठले पुर्ब प्रथामिक कक्षाको अबलोकन समेत गरि विद्यालयको भौतिक ब्यबस्थापन कक्षा ब्यबस्थापन र शिक्षकहरूको लगनशीलता र प्रयासको खुलेर प्रसंसा गर्नुभएको छ । त्यसैगरी उहाँले न्यु वेष्ट पोइन्टले गर्दै आइरहेको नयां नयां प्रयोग र सिकाइ पद्धतिको अरूले समेत सिको र अनुसरण गर्ने हो भने शिक्षामा गणात्मक सुधार आउन सक्ने बताउनु भयो ।



चित्रकला, हस्तकला अन्तर्गत काठ, माटो, सिलाइ, बुनाइ, धातुमा कोरिएका चित्रकला, कागजका विभिन्न बस्तुहरू, फोटो प्रदर्शनी घर भबन मन्दिर र विभिन्न बस्तु तथा स्थलका मोडेलहरू, फोटो फ्रेम, फोटो समेत प्रदर्शनीमा राखिएको थियो । साथै बिद्यालयमा संचालन भैरहेको रोबोटिक कार्यशालाको तेश्रो दिन बिद्यार्थीहरूले तयार पारेको ड्रोन, अटोमेटिक कार, सेन्सर लाइट, सेन्सर जडित पानि तान्ने मोटर धुवां तथा मानब डिटेक्टिभ सेन्सर लगायतका प्रदर्शनी गरिएको थियो । आज तेश्रो दिन सम्म आइपुग्दा रोबटेक वर्कशपका सहभागी बिद्यार्थीहरूल ड्रोन

बिहान ११ बजे देखि शुरू भएको प्रदर्शनी दर्शकको चापका कारण दिउसो सांझ सम्म चलेको थियो । विद्यालयको दोश्रो त्रैमासिक परीक्षाको नतिजा प्रकाशन समेत भएकोले धेरै अभिभावकले प्रदर्शनी अबलोकन गरेका छन् । अबलोकन पश्चात अभिभावकहरूले विद्यालयले गर्ने यस्ता नौला नौला राष्ट्रिय स्तरका कार्यक्रमले बिद्यार्थीहरूमा सृजनात्मक क्षमताको बिकास गर्ने बताएका छन् । शिक्षा भनेको खालि किताबी ज्ञान मात्रै नभएको र आफ्नो नानिबाबुहरूको क्षमता आज आफैले हेर्न पाएकोमा खुसि ब्यक्त गरेका छन । आफ्नो बच्चा पढाईमा मध्यम भए पनि आज उसले बनाएको मोडेल र रोबट हेर्दा आफु संतुष्ट रहेको अभिभावक सन्तोष केसीले बताए । केहि दिन अगाडी मात्र हस्तलेखन बिज्ञ मार्फत कक्षा ६ देखि १० सम्मका विद्यार्थीहरूका लागि एक हप्ते हस्तलेखनका प्राबिधिक ज्ञान दिलाउन तालिम समेत प्रदान गरेको वेष्ट पोईन्ट मिडिया हवका संयोजक कृष्ण जिसिले बताएका छन् ।

# संबिधानले दिएको अधिकार उपभोगमा अग्रसर हुन सांसद पुनको आग्रह

■ नवविकल्प

पुर्व राज्यमन्त्री तथा सांसद नरदेवी पुनले संबिधानले दिएको अधिकारको उपभोगमा अग्रसर हुन महिलाहरूलाई आग्रह गर्नुभएको छ ।

म्याग्दी उद्योग वाणिज्य संघ अन्तरगतको महिला उद्यम विकास समितिले आयोजना गरेको माघे संक्रान्ति मेलाको शुक्रबार बेनीमा उद्घाटन गर्दै सांसद पुनले संबिधानले महिलालाई धेरै अधिकार दिएको बताउनुभयो ।

संबिधानले दिएको अधिकार उपभोग गर्दै सामाजिक, राजनितिक, आर्थिक, प्रशासनिक क्षेत्रमा पहुँच बढाउन सांसद पुनले आग्रह गर्नुभएको हो । उहाँले ग्रामिण क्षेत्रको आर्थिक विकासका लागि पशुपालन, उद्यम र ब्यवसायीक कृषि पेशा अपनाउनुपर्ने बताउनुभयो ।

आयातीत बस्तुमा बढ्दो परनिर्भरता आर्थिक विकासमा चुनौतीको रूपमा देखिएकाले स्थानीय स्तरमा उत्पादन हुने कृषि र पशुजन्य बस्तुको ब्यवसायीक उत्पादन गरि बजारीकरण गर्न आवश्यक रहेको बताउनुभयो ।

गाउँबाट फर्कने गाडीमा त्यहाँ उत्पादन हुने सामान बोकाएर बजार पठाउने अवस्था भएमात्र ग्रामिण क्षेत्रको विकास हुने भन्दै पुनले खानपान र रहनसहनमा परिवर्तन गर्न जरूरी रहेको बताउनुभयो ।

कार्यक्रममा म्याग्दी उद्योग वाणिज्य संघका अध्यक्ष जिवनबहादुर विश्वकर्माले म्याग्दीको आर्थिक विकासका लागि पर्यटन, कृषि, पशुपालन र जलविद्युतमा लगानी भित्र्याउनुपर्ने बताउनुभयो । प्रमुख जिल्ला अधिकारी केशवराज आचार्यले परम्परागत संस्कृतीको सकारात्मक पक्षको संरक्षण र नकारात्मक कुरालाई त्याग्न जरूरी रहेको बताउनुभयो ।

बेनी बजारमा लाग्ने परम्परागत माघे संक्रान्ति मेलालाई निरन्तरता दिन आयोजित कार्यक्रममा लोक नृत्य लगायतका विभिन्न प्रतियोगिताका साथै राष्ट्रिय र स्थानीय कलाकारहरूको प्रस्तुती रहने आयोजकले जनाएका छन् । दुई दिन सम्म सञ्चालन हुने मेलामा म्याग्दीका उद्यमीले उत्पादन गरेका सामाग्रीहरूको प्रर्दशनी समेत राखिएको छ ।

कार्यक्रममा नेपाली काँग्रेस म्याग्दीका सचिव हरिकुमार श्रेष्ठ, नेकपा एमालेका अध्यक्ष हरिकृष्ण श्रेष्ठ, नेकपा माओवादी केन्द्रका चन्द्रबहादुर घिमीरे, राष्ट्रिय जनमोर्चाका अध्यक्ष छवि विश्वकर्मा, राष्ट्रिय जनमुक्ति पार्टीका नरबहादुर थापा र अखण्ड नेपाल पार्टीका डम्मरबहादुर बानियाले शुभकामना मन्तब्य ब्यक्त गर्नुभएको थियो ।

महिला उद्यम विकास समितिका सभापति अमृता भण्डारीको अध्यक्षता, महासचिव लक्ष्मी कार्कीको सञ्चालन र उपाध्यक्ष सुनिता केसीले समापन गर्नुभएको कार्यक्रममा नेपाल पत्रकार महासंघका शाखा अध्यक्ष सुरत केसी र पर्यटन पत्रकार अमृत भादगाउँलेले पनि मन्तब्य ब्यक्त गर्नुभएको थियो ।

# सडक खनेको ऋण तिर्न समस्या

■ नवविकल्प

म्याग्दीको दरवाङ गाविसको ७, ८ र ९ नम्बर वडामा पर्ने दिच्यामका बासिन्दा सडक खन्दा लागेको ऋण तिर्न नसक्दा समस्यामा परेका छन् । दरवाङ देखि दिच्याम जोड्ने सडक निर्माणका लागि बेनीको वुद्ध बहुउद्देश्यीय सहकारी संस्थामा स्थानीय ओमबहादुर रोका, दिलमती रोका, धनबहादुर रोका र दलबहादुर जुक्जालीको जग्गा धितो राखेर नौ वर्षअघि २२ लाख रूपैयाँ ऋण लिएका थिए ।



वि.स २०६४ मा सुरू गरेको सडक निर्माण कार्यले अझसम्म पूर्णता पाउन नसक्दा यातायात सुबिधाबाट बञ्चित दिच्यामबासी सडक खन्दा लागेको ऋणका कारण दोहोरो समस्यामा परेका हुन् ।

गत वर्ष १८० घरधुरीले १३ लाख रूपैया चन्दा उठाएर ब्याज तिरेपनि अझै २९ लाख पचास हजार ऋण बाँकी रहेको सडक निर्माण समितिका पुर्व सचिव कर्णबहादुर रोकाले बताउनुभयो ।

"गाउँलाई सडक सञ्जालसंग जोड्ने बजेट जुटाउन र ऋण कसरी तिर्ने भन्ने चिन्ताले पिरोलेको छ" दिच्यामका अगुवा रोकाले भन्नुभयो । भौगोलिक प्रतिकुलता, पहिरोको समस्या र बिवादका कारण एक दशकमा तिन किलोमिटर मात्र ट्याक खोलीएको छ ।

निर्माण भएको सडक समेत बर्षेनी पहिरोले भत्काउने गरेकाले सवारी साधन चल्न सकेको छैन् । दरवाङ देखि गोगनपानीको पाल्लेखेत सम्म पुर्‍याइएको सडक विस्तार गरेर दिच्याम पुर्‍याउन थप साढे दुई किलोमिटर ट्याक खोल्न बाँकी छ ।

उपभोक्ता समितिका अनुसार यो सडक निर्माणका लागि हालसम्म समुदाय, सरकारी निकाय र ऋण समेत गरि करिब पचास लाख रूपैया खर्च भएको छ । दरवाङ गाविस कार्यालयले दश लाख र जिविसले सात लाख रूपैयाँ लगानी गरीसकेका छन् । यस वर्ष जिविसले यो सडकलाई दुई वटा शिर्षकमा थप बिस लाख रूपैया बजेट छुट्टाएको छ ।

दरवाङ गाविसले दुई लाख बिनियोजन गरेको छ । यस वर्ष जसरी पनि दिच्यामलाई सडक सञ्जालसंग जोड्ने लक्ष्य रहेको उपभोक्ता समितिका पदाधीकारीहरूले बताएका छन् । सडक र यातायात सुबिधाको अभावमा दिच्यामका बासिन्दा उकालो बाटोमा पैदल यात्रा गर्न बाध्य भएका छन् ।

खच्चर र भरिया मार्फत महँगोमा सामान ढुवानी गर्नुपर्ने समस्या छ । गाउँमा उत्पादन भएको तरकारी, फलफुल, आलु लगायत कृषि उपज निकासी गर्न नपाएर कृषक आयआर्जनको अवसरबाट बञ्चित भएका छन् । बिरामीहरूलाई डोको र स्टेचरमा बोकेर स्वास्थ्य संस्था पुर्‍याउने गरिएको छ ।

सडक र यातायातको सुबिधा भएमा दुई घण्टा पैदल हिड्नुपर्ने बाटो तिस मिनेटमा छोटीने दिच्यामबासीको भनाई छ । सुरूमा भिरालो, कमजोर भुगोल र खोल्सामा जथाभावी डोजर चलाएर सडक निर्माण गरिएकाले लाखौ लगानी भएपनि दरवाङ दिच्याम सडक योजना सफल हुन नसकेको प्राबिधिकहरूले बताएका । सडकको ट्याक परिवर्तन, पहिरो नियन्त्रण र ग्रेड सुधार गर्नुपर्ने प्राबिधिकहरूको सुझाव छ ।

# सडक विस्तारका कारण तातोपानी कुण्ड संकटमा

■ नवविकल्प

म्याग्दीको भुरूङ स्थित प्राकृतिक तातोपानी कुण्ड संकटमा परेको छ । बेनी-जोमसोम सडक विस्तारका क्रममा तातोपानीको मुहान पुरीने अवस्था आएको हो ।

बेनी-जोमसोम-कोरला सडक आयोजनाले कुण्डको मुहान पुरीने गरी सडक विस्तार गर्ने तयारी गरेपछि स्थानीयले बिरोध जनाउदै विकल्प खोज्न माग गरेका छन् । बेनी-जोमसोम सडक अन्तरगत कालीगण्डकी नदी किनारमा रहेको भुरूङ तातोपानी कुण्ड जिल्लाकै प्रमुख पर्यटकीय स्थल मानिन्छ ।

सडकदेखि करिब तिन मिटर तल कुण्डको मुहान रहेको छ । कुण्ड संरक्षण समिति र भुरूङ तातोपानीमा क्रियाशिल राजनितिक दलका नेताहरूले कुण्डलाई असर नपर्नेगरी नक्साङक्न गर्न दवाव दिएका छन् ।

नेपाली काँग्रेस, नेकपा एमाले र माओवादी केन्द्रका स्थानीय नेताहरूले आयोजनासंग कुण्डलाई प्रभावित नहुनेगरी नक्साङकन गर्न अनुरोध गरेका हुन् । आयोजनासंगै, जिल्ला स्थित कार्यालय र राजनितिक दलहरूलाई ध्यानाकर्षण गराइएको नेकपा माओवादी केन्द्रका नेता ओमबहादुर फगामीले बताउनुभयो ।

नेपाली काँग्रेसका स्थानीय नेता आत्म तुलाचनले पर्यटकीय महत्वको तातोपानी कुण्डको संरक्षणका लागि सडकको ट्याक परिवर्तन वा अन्य विकल्प खोज्नुपर्ने बताउनुभयो । महत्वपूर्ण प्राकृतिक स्थलनै संकटमा पर्नेगरी सडक विस्तार गर्न नहुने बताउँदै एमालेका स्थानीय नेता श्याम रानाले विकल्प खोजे समुदायले सहयोग गर्ने प्रतिवद्धता जनाउनुभयो ।

कालीगण्डकी किनारमा निस्कने ५० डिग्री सेल्सीयस भन्दा बढी तातोपानी संकलन गरिने तलाउबाट हाल स्थानीय निकायलाई करिब चालीस लाख रूपैया आम्दानी हुने गरेको छ । सो कुण्डमा आन्तरिक तथा बाह्य पर्यटकको चाप बढ्दै गएको छ । कुण्डको आम्दानी मध्य आधा पुर्वाधार निर्माण र संरक्षण तथा पचास प्रतिशत सर्वोदय मावि सञ्चालनका लागि खर्च हुदै आएको छ ।

# पुँजी बजारमा भित्र्याउन पहल

■ नवविकल्प

नेपाल धितोपत्र बोर्डले गैरआवासीय नेपालीको पुँजी बजारमा लगानी भित्र्याउन आवश्यक प्रक्रिया अघि बढाएको जनाएको छ ।

म्याग्दी उद्योग वाणिज्य संघले मंगलबार बेनीमा आयोजना गरेको अन्तरक्रिया कार्यक्रममा बोर्डका निर्देशक परिष्टनाथ पौडेलले गैरआवासिय नेपाली र बिदेशी कम्पनीहरुको पुँजीबजारमा लगानी भित्र्याउनका लागि कार्यविधी तयार गर्न समिति गठन भैसकेको जानकारी दिए । "एनआरएनको सहभागिताबाट धितोपत्रको दोस्रो बजार हुँदै अर्थतन्त्रमा पर्ने प्रभाव समेतको अध्ययन गरी कार्यविधि तयार गर्न समिति गठन गरिएको छ" निर्देशक पौडेलले भने "जस्को कार्यान्वयन पश्चात धितोपत्रको दोस्रो बजारको दायरा फराकीलो हुने र नेपाली अर्थतन्त्रमा सकारात्म प्रभाव पर्ने देखिन्छ ।"

कार्यक्रममा पुँजीबजारलाई थप सरल, ब्यवस्थित, पारदर्शी र छिटो छरितो बनाउन नयाँ ब्यवस्था लागु गर्ने तयारी भएको समेत जानकारी गराइएको थियो । बोर्डका उपनिर्देशक निरञ्जन घिमिरेले सेयर कारोबारमा आम नागरिकको सहज पहुँच स्थापित गर्ने उद्देश्यले २०७३ माघ १ गतेदेखि आस्वा प्रणाली लागु गर्ने तयारी भएको बताए ।

आस्वा प्रणाली मार्फत सेयर खरिद गर्न आवेदन दिंदा लगानीकर्ताहरुको बैङ्क तथा वित्तीय संस्थामा रहेको खातामा आवेदन बराबरको रकम रोक्का राखी बाँडफाँडपछि आवेदकको भागमा सेयर बराबरको रकम मात्र खाताबाट खिच्ने ब्यवस्था मिलाइने उपनिर्देशक घिमिरेले बताए ।

कार्यक्रममा सहभागिहरूले यो प्रणाली लागू भएपछि सर्वसाधारणले घरमै बसेर अनलाईनको माध्यमबाट सेयर कारोबार गर्न सक्ने हुँदा पहुँच बढ्ने विश्वास ब्यक्त गरे । कार्यक्रममा म्याग्दीका प्रमुख जिल्ला अधिकारी केशवराज आचार्यले साना लगानीकर्तालाई पुँजीबजारमा समेट्न जनचेतना अभिवृद्धी र सहज पहुँचको वातावरण बनाउनुपर्ने सुझाव दिए ।

नेपाल उद्योग वाणिज्य महासंघका केन्द्रिय सदस्य प्रमोद श्रेष्ठले जलविद्युत आयोजनाबाट लगानी कर्ताले हाल तिस वर्षसम्म मात्र मुनाफा पाउने ब्यवस्था रहेकोमा सरकारलाई आयोजना हस्तान्तरण गरेपछि पनि मुनाफा पाउने नीतिगत ब्यवस्था गरेमा जलविद्युतमा निजी क्षेत्रको लगानी बढाउन प्रोत्साहन मिल्ने सुझाव दिए ।

उद्योगी, ब्यवसायी, बैङ्क तथा वित्तिय संस्थाका कर्मचारी, सरकारी अधिकारी, प्रध्यापक, विद्यार्थी र विभिन्न संघ संस्थाका प्रतिनिधिहरूको सहभागिता रहेको कार्यक्रममा पुँजीबजारमा लगानीको प्रक्रिया, यसको सम्भावना र चुनौतीको विषयमा जानकारी गराइएको थियो ।

म्याग्दी उद्योग वाणिज्य संघका अध्यक्ष जिवनबहादुर विश्वकर्माको अध्यक्षता तथा स्वागत, महासचिव राजेश शाक्यको सञ्चालन र वरिष्ठ उपाध्यक्ष उत्तम कर्माचार्यले समापन गर्नुभएको कार्यक्रमको उद्देश्यका बारेमा बोर्डका राजुबहादुर जिसीले प्रकाश पारेका थिए ।

# सम्झौता गरेको २५ दिनमै योजना सम्पन्न

■ नवविकल्प

ढिलासुस्तीका कारण धेरै पुर्वाधार योजना अलपत्र पर्ने र समयमै सम्पन्न नहुने समस्या चुनौतीको रुपमा रहेको अवस्थामा म्याग्दीको पाल्लेखेतका बासिन्दाले सम्झौता गरेको २५ दिनमै योजना सम्पन्न गरेका छन् ।

पाल्लेखेतको बान्द्रे खाल्टी पहिरो नियन्त्रण योजना निर्माणका लागि लागि गत मंसिर ६ गते जिविससंग सम्झौता गरेका स्थानीय बासिन्दाले २५ दिनमै काम सम्पन्न गरेका हुन् । उपभोक्ताको सक्रियता र सहभागिताका कारण छिटो सम्पन्न भएको जिविसको एलजिसीडीपी कार्यक्रम अधिकृत प्रकाश रेग्मीले जानकारी दिनुभयो ।

सो योजना निर्माणका लागि स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (एलजीसीडीपी)को ३३ लाख र जिविसको दुई लाख रुपैयाँ अनुदान दिएका थिए । उपभोक्ताहरुले दुई लाख असी हजार रुपैया बराबरको काम गर्ने गर्ने सम्झौता भएपनि चार लाख १९ हजार ८८५ रुपैया बराबरको श्रमदान गरेका कार्यक्रम अधिकृत रेग्मीले बताउनुभयो । पाल्लेखेतको ३, ४ र ५ नम्बर वडामा पहिरोको जोखिम न्युनीकरण गर्ने उद्देश्यले अति गरीब मुस्ती वातावरणीय रुपमा दिगो हरित पुनलाभ तथा पुनस्थापना योजना अन्तरगत योजना सञ्चालन भएको थियो ।

तिस दिन समय दिइएको योजना सम्पन्न गर्नका लागि ११० घरधुरीले आठ दिनका दरले श्रमदान गरेका उपभोक्ता समितिका अध्यक्ष केदारनाथ सुबेदीले बताउनुभयो । सो योजना अन्तरगत रघुगंगा नदीको किनारमा १६० वटा तारजाली भरेर ग्याबिन पर्खाल लगाइएको छ ।

भल तर्काउनका लागि सडक छेउमा १६० मिटर नाली र दिपक माबि वरपरको क्षेत्रमा १०५ मिटर कुलो निर्माण भएको छ । बस्ती माथिको भल पहिरोमा जान नदिन थप १०५ मिटर नाली बनाइएको छ ।

यसैगरी विभिन्न ठाउँमा चार वटा बहुउद्देश्यिय पानी संकलन पोखरी निर्माण भउको छ । पाल्लेखेत गाउँ विगत एक दशकदेखि पहिरोको चपेटामा परेको छ । बस्ती तलको पहिरो पूर्ण रुपमा नियन्त्रणका लागि बृहत योजनाको आवश्यकता रहेको अध्यक्ष सुवेदीले बताउनुभयो ।

# सुन्तलाबाट राखुमा तेईस लाख भित्रियो

■ नवविकल्प

म्याग्दीको एउटै गाउँका बासिन्दाले यस वर्ष सुन्तला बेचेर तेईस लाख रुपैयाँ भन्दा बढी आम्दानी गरेका छन् ।

भकिम्ली गाविस ५ राखुबाट तेईस लाख रुपैयाको सुन्तला निकासी भएको हो । यस वर्ष साढे ५७ मेट्रिकटन सुन्तला निकासी भएको राखुमा तेईस लाख सात हजार रुपैयाँ नगद भित्रीएको अगुवा कृषक मनकुमारी पुनले बताउनुभयो ।

आफ्नो बगैंचा र अन्य कृषकहरुको साढे १६ मेट्रिकटन सुन्तला पोखरामा लगेर बेचेकी पुनले अन्य दुई जना व्यापारी मार्फत साढे ४० मेट्रिकटन सुन्तला निकासी भएको जानकारी दिनुभयो ।

कृषकहरुले प्रतिकिलो चालीस रुपैयाका दरले मूल्य पाएका छन् । पोखरा पुऱ्याउँदा ६० देखि ६५ रुपैया मूल्य पाएको कृषक समेत रहेका व्यापारी खिमबहादुर पुनले बताउनुभयो । गत वर्ष बिस मेट्रिकटन सुन्तला निकासी भएको राखुमा यस वर्ष नयाँ बिरुवा थपिएकाले तेब्बर बढी उत्पादन भएको हो ।

राखु गाउँमा बिस जना भन्दा बढी कृषकहरुले ब्यवसायीक सुन्तला खेती गरेका छन् । एक जना कृषकले सुन्तला बेचेर साढे दुई लाख रुपैयाँ सम्म आम्दानी गरेका छन् । गाउँभरी दश हजार फल दिने सुन्तलाका बोट रहेका छन् ।

सुन्तला निकासीका लागि राखुका बासिन्दाले गाउँलाई सडक सञ्जालसंग जोड्ने तयारी गरेका छन् । भकिम्लीकै नयाँ पुलदेखि राखु जोड्ने सडक अन्तिम चरणमा पुगेको छ । यसपाली भकिम्लीतर्फको सडकबाट गाउँमा ट्रक पुऱ्याएर सुन्तला ढुवानी गरिएको हो ।

सडक पुगेपछि सुन्तला लगायत कृषी उपज निकासी र आवत जावत गर्न सहज हुने कृषकहरुको अपेक्षा छ । सुन्तला नटिप्दै दुईतर्फबाट सडक जोड्ने लक्ष्य राखिएपनि निर्माण ब्यवसायीको ढिलासुस्तीका कारण ढिलाई भएको हो ।

# करिब तिन करोडको लागतमा खानेपानी आयोजना सुरु

■ नवविकल्प

बेनी नगरपालिका २ र ३ मा करिब तिन करोड रुपैयाँको लागतमा ज्यामरककोट, अर्जन, रत्नेचौर खानेपानी तथा सरसफाई आयोजना निर्माण सुरू भएको छ ।

खानेपानी तथा सरसफाई सब डिभिजन कार्यालय म्याग्दी मार्फत निर्माण सुरू भएको आयोजनाबाट भकुण्डे र अर्जमका ३६७ घरधुरी लाभान्वित हुने जनाइएको छ । दुई करोड ८८ लाख ७२ हजार २८५ रुपैया लागत अनुमान गरिएको आयोजना आगामी वर्ष सम्पन्न गर्ने लक्ष्य रहेको सब डिभिजन प्रमुख ईञ्जिनियर शेखरचन्द्र केसीले जानकारी दिनुभयो । आयोजनामा उपभोक्ताको ५९ लाख ७४ हजार ४५७ रुपैया बराबरको नगद तथा श्रमदान सहभागिता रहने कार्यालयले जनाएको छ । गत वर्ष दश लाख रुपैयाँ बराबरको काम भएको आयोजनाका लागि यस वर्ष ५५ लाख रुपैयाँ बजेट प्राप्त भएको छ । बिमीराबोटमा रहेको मुहानमा ईन्टेक, ग्राभिटी टंकी र एक किलोमिटर पाइपलाईन बिछ्याउने काम सकिसकेको छ ।

मुख्य पाईपलाईन बिछ्याउनका लागि उपभोक्ताहरुले श्रमदान गरेर नाली खन्ने काम गरिरहेका छन् । भकुण्डेमा एक लाख लिटर र अर्जममा पचास हजार लिटर क्षमत्ताको रिजर्भ टंकी निर्माण गर्ने तयारी भएको उपभोक्ता समितिका अध्यक्ष जितबहादुर थापाले बताउनुभयो । प्रतिसेकेण्ड १.२ लिटर पानी आपुर्ती हुने आयोजनाबाट सबै घरमा निजी धारा जडान गरेर खानेपानी वितरण गर्ने लक्ष्य रहेको अध्यक्ष थापाले बताउनुभयो ।

भकुण्डे र अर्जममा वि.स २०३१ सालमा निर्माण भएको आयोजनाबाट खानेपानी आपुर्ती हुदै आएको छ ।

पर्याप्त खानेपानी आपुर्ती नहुँदा स्थानीयबासीलाई समस्या भएको छ । नयाँ आयोजना एक घर एक निजी धाराको अवरणाको हुने जनाइएको छ । उपभोक्ता समितिले सक्रियता देखाएर समयमै काम हुन सकेमा यस वर्ष सम्पन्न गर्नेगरी थप बजेट माग गर्न समेत सकिने खानेपानी तथा सरसफाई सब डिभिजन कार्यालयले जनाएको छ ।

# फागुन पछि बेनीमा चौबिसै घण्टा खानेपानी

■ नवविकल्प

म्याग्दी सदरमुकाम बेनी बजारमा आगामी फागुन महिनापछि चौबिसै घण्टा नियमित खानेपानी आपुर्ती गर्ने तयारी भएको छ ।

बेनी खानेपानी तथा सरसफाई आयोजनाको क्षमता विस्तार गरेर बजारका ८२० घरधुरी उपभोक्तालाई चौबिसै घण्टा शुद्ध खानेपानी आपुर्तीको ब्यवस्था मिलाउन लागिएको हो । बेनी खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाको आईतवार बेनीमा भएको सत्रौं वार्षिक साधारणसभामा फागुनभित्र आयोजनाको क्षमता विस्तार कार्य सकिने जानकारी गराइएको हो ।

समितिका सचिव माधवप्रसाद रेग्मीले क्षमत्ता विस्तारका लागि हालसम्म ३५ प्रतिशत वित्तिय र ६५ प्रतिशत भौतिक प्रगती भएको जानकारी दिनुभयो । छ करोड ४२ लाख रुपैयाँको लागतमा गत चैत महिनादेखि आयोजनाको क्षमता विस्तार सुरू गरिएको थियो ।

पुम्दी खोलामा इन्टेक निर्माण, पाईपलाईन जडान र दुई लाख घनलिटर क्षमत्ताको रिजर्भ टंकी निर्माण कार्य अन्तिम चरणमा पुगेको छ । सरकारको सत्तरी प्रतिशत र उपभोक्ताको तिस प्रतिशत लगानीमा आयोजनाको क्षमत्ता विस्तार भएपछि बेनीमा पुम्दी खोलाको मुहानबाट थप बिस लिटर प्रतिसेकेण्ड खानेपानी आपुर्ती हुने जनाइएको छ ।

आयोजनाको क्षमता विस्तार भएपछि बेनी नगरबासीलाई आगामी २० वर्षको लागी २४ सै घण्टा पानी आपुर्ती गर्न सकिने उपभोक्ता समितिका अध्यक्ष सुवासकुमार श्रेष्ठले बताउनुभयो । एक दशकअघि निर्माण भएको आयोजनाको क्षमताले माग धान्न नसकेपछि हाल बेनीमा आलोपालो प्रणाली अनुसार समयतालीका बनाएर खानेपानी वितरण गरिदै आएको छ ।

साधारणसभामा प्रमुख जिल्ला अधिकारी केशवराज आचार्यले जनसहभागीतामा सञ्चालित बेनी खानेपानी आयोजनाको गतिविधि सहानीय रहेको र यसलाई अझै ब्यवस्थित बनाउदै लैजान सुझाव दिनुभयो । साधारणसभाले संस्थाका सचिव माधवप्रसाद रेग्मीले प्रस्तुत गर्नुभएको प्रगति र कोषाध्यक्ष याम शाक्यले प्रस्तुत गर्नुभएको दुई करोड ५५ लाख रुपैया बराबरको आर्थिक प्रतिवेदन पारित गरेको छ ।

संस्थाका अध्यक्ष सुवासकुमार श्रेष्ठको अध्यक्षता, उपाध्यक्ष तुलसीलता श्रेष्ठको स्वागत र सचिव रेग्मीको सञ्चालनमा सम्पन्न कार्यक्रममा उद्योग वाणिज्य महासंघका केन्द्रिय सदस्य प्रमोद श्रेष्ठ, बेनी बजारका अगुवा भुपेन्द्रबहादुर खड्का, म्याग्दी उद्योग वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष उत्तम कर्माचार्य, उपभोक्ता सुरज श्रेष्ठले शुभकामना मन्तव्य ब्यक्त गर्नुभएको थियो ।

# सर्वसाधारणको पहुँच बढाउन अनलाइन प्रणाली लागू गर्ने तयारी

■ नवविकल्प

नेपाल धितोपत्र बोर्डले म्याग्दीको सदरमुकाम बेनीबजारमा मंगबार पूँजी बजार सम्बन्धी जनचेतना कार्यक्रम गरेको छ ।

राजधानी केन्द्रित शेयर बजारका बारेमा जिल्लाका सर्वसाधारणलाई समेत पर्याप्त जानकारी होस् भन्नाका लागि बोर्डले म्याग्दी उद्योग वाणिज्य संघको सहकार्यमा कार्यक्रम गरेको हो ।

कार्यक्रममा प्रमुख अतिथि प्रमुख जिल्ला अधिकारी केशवराज आचार्यले कार्यक्रमले म्याग्दीका नागरिकहरूलाई पूँजी बजारसम्बन्धी जनचेतना बढ्ने विचार ब्यक्त गर्नुभयो । उहाँले पुँजी बजारमा अध्ययन गरेर मात्र लगानी गर्न आग्रह गर्नुभयो ।

बोर्डका कार्यकारी निर्देशक परिष्टनाथ पौडेलले काठमाडौं केन्द्रित पूँजीबजारलाई देशव्यापी बनाउन तथा यस सम्बन्धी जनचेतना बढाउने उद्देश्यले कार्यक्रम आयोजना गरिएको बताउँदै यसका लागि बोर्डले पूँजी बजारलाई सहज,सरल र ब्यवस्थित बनाउन नीतिगत सुधारहरू गरिरहेको जानकारी दिनुभयो ।

उहाँले सर्वसाधारण नागरिकहरूलाई घरमै वसेर पुँजी बजारमा लगानी गर्ने वातावरण तयार पार्न बोर्डले नीतिगत सुधारहरू गरेको बताउनुभयो । कार्यकारी निर्देशक पौडेलले अनलाइन मार्फत शेयर खरिद बिक्री गर्ने ब्यवस्था ल्याउन लागेकाले सर्वसाधारणहरूमा सरल र सहज तरिकाले पुँजी बजारमा पहुँच बढेर जाने विश्वास ब्यक्त गर्नुभयो ।

उहाँले माघ १ गतेबाट आस्वा प्रणाली ल्याउन लागेकाले सार्वजनिक निष्काशनमा धितोपत्र खरिद गर्न आवेदन दिंदा लगानी कर्ताहरूले बैंक तथा वित्तिय संस्थामा रहेको खातामा आवेदन बराबरको रकम रोक्का राखी धितोपत्र बाँडफाँड पछि आवेदकको बाँडफाँडमा परेको धितोपत्र बराबरको रकम मात्र खाताबाट खिच्ने प्रणाली लागू हुने भएकाले यस अघि भएको झन्झटिलो प्रक्रियाको अन्त्य हुने बताउनुभयो । आश्वा प्रणालीमा सुचिकृत भएका बैंकहरू मार्फत कुनै पनि कम्पनिको शेयर खरिद गर्नका लागि निवेदन दिन सकिने उहाँको भनाई थियो ।

उहाँले गैर आवशिय नेपालीहरूले नेपाली पुँजी बजारमा लगानी वातावरण मिलाउन लागिएको बताउँदै यसले नेपाल भन्दा वाहिर पनि बजार विस्तार हुने बताउनुभयो । निर्देशक पौडेलले बैंकहरूलाई पनि दलालको लाइसेन्स दिने योजना भएको बताउनुभयो ।

कार्यक्रममा उपनिर्देशक निरन्जन घिमिरेल पूँजीबजार सम्बन्धी विविध पक्षहरूको बारेमा कार्यपत्र पेश गर्नुभएको थियो । कार्यक्रममा नेपाल उद्योग वाणिज्य संघका केन्द्रिय सदस्य प्रमोद कुमार श्रेष्ठले कार्यक्रमले स्थानीयस्तरमा शेयर बजारका बारेमा जनचेतना अभिवृद्धि हुने विश्वास ब्यक्त गर्नुभयो ।

कार्यक्रमा सरकारी निकायका पदाधिकारीहरू, उद्योग वाणिज्य संघका पदाधिकारी, शिक्षक, विद्यार्थी, ब्यवसायी, पत्रकार तथा सर्वसाधारणसमेतको ठूलो संख्यामा सहभागिता थियो । उद्योग वाणिज्य संघका अध्यक्ष जिवनकुमार विश्वकर्माको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन महासचिव राजेश शाक्यले गर्नुभएको थियो ।

# खुल्ला नृत्य प्रतियोगितामा बोगटी बिजयी

■ नवविकल्प

महिला उद्यम विकास समितिले माघे संक्रान्ति मेलाको अवसरमा बेनीमा आयोजना गरेको खुल्ला एकल नृत्य प्रतियोगितामा सोनु बोगटी बिजयी भएका छन् ।

आठ जनाले सहभागिता जनाएको प्रतियोगितामा सुकदेवी गर्बुजा दितिय, प्रिया रोका तितृय र सियान्त बानियाँ सान्तवना भएका आयोजकले जनाएका छन् । प्रथम, दितृय, तितृय र सान्तवनालाई क्रमश नगद बिस हजार, दश हजार पाँच हजार र एक हजार रुपैयाँ पुरस्कार प्रदान गरिएको छ । शनिबार आयोजित मेला समापन समारोहमा म्याग्दी उद्योग वाणिज्य संघका अध्यक्ष जिवनबहादुर विश्वकर्मा, महिला उद्यम विकास समितिका सभापति अमृतादेवी भण्डारी लगायतका अतिथिहरूले पुरस्कार वितरण गर्नुभएको थियो । बेनीमा परम्परागत रुपमा लाग्दै आएको माघे संक्रान्ति मेलालाई निरन्तरता दिने उद्देश्यले समितिले शुक्रबारदेखि मेलाको आयोजना गरेको थियो ।

मेलामा कलाकारहरू लाली बुढाथोकी, कृष्णा गुरूङ, नहकुल ढकाल, अमित विश्वकर्मा, पदम विश्वकर्मा, निशा केसी, शक्ति छिनाल, बिमला श्रेष्ठ लगायतले गित प्रस्तुत गर्नुभएको थियो । मेलाको अवसरमा महिला उद्यमीहरूले उत्पादन गरेको सामाग्रीहरूको प्रर्दशनी समेत गरिएको थियो ।

# बेनीमा पनि योग दिवस मनाइयो

■ नवविकल्प

बेनीमा पनि शनिबार दोस्रो राष्ट्रिय योग दिवस मनाइएको छ । जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र र नविन आनन्द योग केन्द्रले योग दिवसको अवसरमा अन्तरक्रिया तथा योग अभ्यास कार्यक्रम आयोजना गरेका हुन् ।

नविन योग आनन्द केन्द्रमा योगको महत्व र उपयोगीताको बारेमा अन्तरक्रिया गरिएको थियो । यसैगरी योग गुरुहरूले योग अभ्यास गराउनुभएको थियो । अन्तरक्रियामा जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रका प्रमुख रमेश शर्मा भुषालले योगको महत्वका बारेमा प्रकाश पार्नुभएको थियो । कार्यक्रममा सहभागिहरूले योगको सुरुवात् प्राचीनकालमा नेपालबाटै भएकाले यसको विश्वव्यापी प्रचारप्रसारमा जोड दिएका थिए । योगको माध्यमबाट स्वस्थ्य रहन सकिने सहभागिको भनाई थियो ।

# बाईन्दफाँटका सबै घरमा धारा जडान

■ नवविकल्प

म्याग्दीको एक ग्रामिण बस्तीका सबै घरमा खानेपानीका धारा जडान भएको छ ।

बिम गाविसको ८ र ९ नम्बर वडामा पर्ने बाईन्दफाँटका बासिन्दाले सबै घरमा निजी धारा जडान गरेका हुन् । ओखले बिमबाङ खानेपानी तथा सरसफाई आयोजना मार्फत घरघरमा खानेपानीको धारा जडान भएपछि स्थानीयबासीलाई सहज भएको छ ।

बाईन्दफाँटमा रहेका ११२ घरधुरीमा निजी धारा जडान गरिएको ओखले बिमबाङ खानेपानी तथा सरसफाई आयोजनाको उपभोक्ता समितिका अध्यक्ष बिरबहादुर जुक्जालीले बताउनुभयो । बालविकास केन्द्र, विद्यालय र आमा समूहको भवनमा पनि धारा जडान भएको छ ।

“उपभोक्ताको सुविधा र आयोजनाको दिगो सञ्चालनका लागि निजी धारा जडान गरीएको हो” अध्यक्ष जुक्जालीले भन्नुभयो “आयोजनाको संरक्षण, मर्मत सम्भार र दिगो सञ्चालन गर्न पानी खपत गरेको आधारमा शूल्क उठाउने योजना छ ।”

घरमै धारा जडान भएपछि पानी ओसार्नुपर्ने झन्झट र दुख हटेको छ । सुविधासँगै समयको बचत भएको छ । पानीको मितव्ययी प्रयोग गर्न थालेका छन् । घरायसी, व्यक्तिगत सरसफाईमा सघाउ पुगेको छ । करेसाबारीको सिचाईमा समेत निजी धाराको पानी प्रयोग भएको छ ।

त्यहाँका बासिन्दाले यसअघि सार्वजनिक धाराबाट खानेपानी उपभोग गर्दै आएका थिए । जिविस अन्तरगत सञ्चालित पश्चिम नेपाल ग्रामिण खानेपानी तथा सरसफाई परियोजना (दोस्रो चरण) मार्फत एक वर्षअघि निर्माण सुरू भएको सो आयोजना यसै महिना सम्पन्न भएको हो ।

परियोजना, जिविस, गाविस र उपभोक्ताको ९५ लाख एक हजार १८१ रूपैयाँको लागतमा ओखले बिमबाङ खानेपानी तथा सरसफाई आयोजना निर्माण भएको परियोजनाका जिल्ला सल्लाहकार थरेन्द्र पौडेलले जानकारी दिनुभयो ।

नेपाल र फिनल्याण्ड सरकारले बराबर २६ लाख ६१ हजार ५० ९ रूपैयाका दरले लगानी गरेको आयोजनामा जिविसले तिन लाख असी हजार ४७ रूपैयाँ सहयोग गरेको छ ।

गाविसले पाँच लाख ७० हजार रूपैया लगानी गरेको आयोजना सम्पन्न गर्न उपभोक्ताले ३२ लाख २८ हजार ४५ रूपैया बराबरको श्रमदान गरेका छन् ।

# ज्यामरुककोटका बासिन्दा ऐतिहासिक स्थलको संरक्षणमा अग्रसर

■ नवविकल्प

बेनी नगरपालिका ३ ज्यामरूककोटका बासिन्दा ऐतिहाँसीक तथा पर्यटकीय सम्पदाको संरक्षण र प्रर्वद्धनमा अग्रसर भएका छन् ।

बाईसे चौबिसे राज्य अन्तरगत तत्कालीन मल्ल राजाले राज्य सञ्चालन गरेको ज्यामरूककोतको संरक्षण र पुर्वाधार विकास गरि पर्यटकीय गन्तव्यको रूपमा विकास गर्न अग्रसर भएका हुन् ।

सामरिक महत्वका हातहतियार रहेको ऐतिहाँसीक कोतघरको संरक्षण, धार्मीक तथा पर्यटकीय बिशेषताको बारेमा प्रचारप्रचार गरेर पर्यटक भित्र्याउन पहल थालीएको ज्यामरूककोत तथा गुठी व्यवस्थापन समितिका अध्यक्ष रामकृष्ण घिमीरेले बताउनुभयो । समिति मार्फत ज्यामरूककोतको ऐतिहाँसीक महत्वको बारेमा खोज अनुसन्धान र पुर्वाधार निर्माणको योजनालाई प्राथमिकता दिइएको अध्यक्ष घिमीरेले जानकारी दिनुभयो ।समितिले भकुण्डे हुदै कोतघर र कन्तरथानसम्मको पदमार्ग, खानेपानी सुविधा र कोतघरलाई घेराबार गर्न सम्बन्धित निकायमा पहल गरेको जनाएको छ ।

समुन्द्रि सतहदेखि करिब दुई हजार पाँच सय मिटरको उचाईमा अवस्थित ज्यामरूककोत प्रचारप्रसार र पुर्वाधारको कमीले ओझेलमा परेको छ । यस स्थानको ऐतिहाँसीक महत्वको बारेमा खोज अनुसन्धान र संरक्षणका लागि समेत सरकारी निकायबाट अपेक्षाकृत सहयोग भएको स्थानीय अगुवाहरूको गुनासो छ ।

वि.स १६६२ अघिसम्म मल्ल राजाहरूले राज्य सञ्जालन गर्ने स्थान बनाएको दावी गरिएको ज्यामरूककोतमा ऐतिहाँसीक महत्वका धेरै पुर्वाधारहरू नष्ट भएका छन् । यद्यपी कोतघरभित्र रहेका तोपको गोला, खुँडा, खुकुरी, तरवार, नगरा जस्ता सामरिक महत्वका हातहतियार र भाँडावर्तन ईतिहाँसको साक्षी बनेका छन् । धौलागिरी, अन्नपूर्ण, निलगिरी, माछापुच्छे लगायतका हिमशृङखला, म्याग्दी, पर्वत, बागलुङका बस्तीहरूको अवलोकन गर्न सकिने ज्यामरूककोत पर्यटकीय हिसावले समेत महत्वपूर्ण छ । बडादशै र चैतेदशैको बेलामा बिशेष पुजाआजा हुने ज्यामरूककोतमा भाकल गरेमा मनोकाक्षा पुरा हुने जनविश्वास समेत छ ।

छ रोपनी क्षेत्रफलमा फैलीएको ज्यामरूककोत पुग्ने व्यवस्थित पदमार्ग र यसको महत्वका बारेमा प्रचारप्रसार नहुँदा ओझलमा परेको स्थानीय बासिन्दा टिकाबहादुर कार्कीले बताउनुभयो । पर्वत राज्य अन्तरगतको ज्यामरूककोतका अन्तिम राजा भर्तीबम मल्ल रहेको स्थानीय जानकारहरूको भनाई छ ।

बेनी स्थित कालीगण्डकी र म्याग्दी नदीको दोभानमा स्नान गर्न आएको अवस्थामा राजा भर्तीबमको हत्या भएपछि पति बियोगमा परेकी रानी विश्वप्रभा बेनीको कुरीलाखर्कमा अलप भएको बताईन्छ । ज्यामरूककोतको पुजा व्यवस्थापनका लागि ३२ रोपनी गुठीको जग्गा छ । अहिलेको परिस्थिती अनुसार गुठीबाट हुने आम्दानी न्युन भएकाले कोतको नियमित पुजा सञ्चालन गर्न समेत समस्या भएको अध्यक्ष घिमीरेले गुनासो गर्नुभयो । वेनी बजारदेखि डेढ घण्टा पैदल र एक घण्टा गाडीको यात्रापछि ज्यामरूककोट पुग्न सकिन्छ ।

# दोवालाई साक्षर घोषणा

■ नवविकल्प

म्याग्दीको दोवालाई मंगलबार साक्षर गाविस घोषणा गरिएको छ । दोवामा बसोबास गर्ने १५ देखि ५९ वर्ष उमेर समूहका एक हजार ११० जना मध्य ९६.५९ प्रतिशत अथवा एक हजार ७१ जना साक्षर बनेपछि घोषणा गरिएको गाउँ शिक्षा समितिले जनाएको छ ।

शिक्षा मन्त्रालयले १५ देखि ५९ वर्ष उमेर समूहका ९५ प्रतिशत जनसंख्याले अंक अक्षर लेखपढ गर्न सक्ने भएपछि साक्षर जिल्ला, गाविस, नगरपालीका र वडा घोषणा गर्न सकिने मापदण्ड बनाएको छ ।

दोवा गाविसका सचिव कुलप्रसाद आचार्यको अध्यक्षता, सर्वोदय माविका स्रोत व्यक्ति जयराम सुवेदीको प्रमुख आतिथ्यता, कैलाश माविका प्रअ सिरबहादुर गर्बुजाको स्वागत र सहायक प्रअ भुपेन्द्र सापकोटाको सञ्चालनमा घोषणा कार्यक्रम सम्पन्न भएको थियो । जिल्ला शिक्षा कार्यालयका सबईन्जिनियर राजकुमार शाही बिशिष्ट अतिथि रहनुभएको कार्यक्रममा गाविसका संयोजक भविन्द्र गर्वुजा, उपसंयोजक पदम पुर्जा, दोवा स्वास्थ्य चौकीका ईन्चार्ज भपेन्द्र घिमीरे, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष डिलराम पुन र अगुवा दुतबहादुर राम्जालीले मन्तब्य व्यक्त गर्नुभएको थियो ।

हालसम्म म्याग्दीको दोवा सहित १३ वटा गाविसलाई साक्षर घोषणा गरिएको छ । यसअघि बरंजा, मराङ, कुहुँ, पाल्लेखेत, घार, हिस्तान, राम्चे, बिम, दाना, नारच्याङ, भुरुङ तातोपानी र दरवाङलाई साक्षर गाविस घोषणा गरिएको थियो । शिक्षा कार्यालयले एक नगरपालीका र ३५ गाविस रहेको म्याग्दीलाई यसैवर्ष साक्षर जिल्ला घोषणा गर्ने लक्ष्य राखेको छ ।

## कागजमै .....

जिविसले कार्यान्वयन नगरेको गुनासो गर्नुभयो । स्थानीय तह पुनसंरचनाको लागि जिविसलाई प्राप्त भएको बजेट र खर्च विवरण माग गरिएको निवेदन दर्ता गरेको बिस दिन पुग्दा समेत सूचना नपाएको आचार्यले बताउनुभयो ।

जिल्ला स्वास्थ्य र वन कार्यालयमा सूचना माग्न जाँदा सूचना अधिकारीको भन्नेनै पहिचान हुनसकेन् । धेरैजसो कार्यालयमा सूचना अधिकारी तोकीएपनि सूचना लिनका लागि कार्यालय प्रमुख लाईनै भेट्नुपर्ने अवस्था रहेको पत्रकार खड्का बताउनुहुन्छ । ऐनले जातीय, सम्प्रदायिक झगडा बढाउने, राष्ट्रिय सुरक्षामा आँच आउने सूचना सार्वजनिक गर्न नहुने र व्यक्तिको गोपनियताको अधिकारलाई अतिक्रमण गर्न नहुने भनेको छ ।

कृषि विकास र पशु सेवा कार्यालयमा सूचना अधिकारीको सर्म्पक ठेगाना सहितको फेलेक्स प्रिन्ट राखिएको छ । ऐनमा उल्लेखित व्यवस्था अनुसार तिन/ तिन महिनामा एकाध बाहेक धेरै कार्यालयले गतिविधि सार्वजनिक गर्दैनन् ।

म्याग्दीमा यस वर्ष कृषि विकास, पशु सेवा र जिल्ला शिक्षा कार्यालयले औपचारिक रूपमा योजना, कार्यक्रम र बजेट विवरण सर्वजनिक गरेका छन् । बेनी नगरपालिका र भू-संरक्षण कार्यालयले शिर्षकगत रूपमा बजेट विवरण सूचना पाटीमा टाँसेका छन् । जिविसले बजेट वितरण भएका योजनाहरूको विवरण वेभसाईटमा राखेपनि खर्च विवरण राख्ने गरेको छैन् ।

सूचनाको हकमा भएका व्यवस्था कार्यान्वयनका लागि पहल गरेपनि समय, बजेट र जनशक्तिको अभाव भएको जिल्ला भू-संरक्षण अधिकृत दिवाकर पौडेलले बताउनुभयो । वेभसाईट सञ्चालन गर्न र नियमित प्रकाशन गर्न बजेट तथा जनशक्तिको अभाव भएको उहाँको भनाई छ ।

जिल्ला शिक्षा अधिकारी रामकुमार श्रेष्ठले प्रक्रिया पुरा गरी निवेदन दिएर सूचना माग्ने पद्दतीको विकास नभएको बताउनुभयो । “लिखित रूपमा सूचना माग गरेर कमैले निवेदन दिनुहुन्छ” जिशिअ श्रेष्ठले भन्नुभयो “प्रक्रिया पुरा नगरी माग भएका सूचना कसरी दिने ?”

म्याग्दीका धेरै जसो सूचना अधिकारीहरूले जिम्मेवारी दिईपनि सूचना आफूसंग नहुने भएकाले कार्यालय प्रमुखलाईनै भेट्न सुझाउने गर्छन् । जिविसका सूचना अधिकृत पदम भण्डारीले केही महिनाअघि आफैले सूचना नपाएको गुनासो गर्नुभएको थियो ।

सूचना अधिकारी आफ्नो कर्तव्यको बारेमा जानकार नहुने, सूचना दिएमा कार्यालय प्रमुख र अन्य कर्मचारीसंगको सम्बन्ध नराम्रो हुने डरले पन्छिन खोज्ने गरेका हुन् । तर गत हप्ता बेनीमा आउनुभएका राष्ट्रिय सूचना आयोगका प्रमुख आयुक्त कृष्णहरी बाँस्कोटाले सूचना दिएको आधारमा कुनै पनि सूचना अधिकारीलाई कारवाही नहुने बताउदै आफ्नो जिम्मेवारी पुरा गर्न निर्देशन दिनुभएको थियो ।

यसैबीच म्याग्दीका सरकारी कार्यालय प्रमुखहरूले सूचनाको हक सम्बन्धि व्यवस्थाको कार्यान्वयन र संरक्षण गर्न सात बुँदे प्रतिवद्धता व्यक्त गरेका छन् । राष्ट्रिय सूचना आयोगका प्रमुख सूचना आयुक्त कृष्णहरी बाँस्कोताको आतिथ्यतामा पुष २४ गते आईतबार बेनीमा प्रमुख जिल्ला अधिकारी केशवराज आचार्यको अध्यक्षतामा बसेको कार्यालय प्रमुखहरूको बिशेष बैठक मार्फत प्रतिवद्धता जारी गरिएको हो ।

सूचना लिने दिने संस्कृतिको विकास गरि पारिदर्शीता, जवाफदेहीता र सुशासन कायम गर्न सहयोग पुऱ्याउने उद्देश्यले सूचनाको हकको सम्मान र संरक्षणमा प्रतिवद्ध हुने निर्णय सहित घोषणापत्र जारी गरिएको प्रजिअ आचार्यले जानकारी दिनुभयो ।

घोषणापत्रमा प्रत्येक तिन/तिन महिनामा सबै कार्यालयले सम्पादन गरेका गतिविधि कार्यालय परिसरमा टाँस्ने र पछिल्लो तेस्रो महिनाको १५ गते सामुहिक रूपमा पत्रकार सम्मेलन गरि जानकारी गराउने प्रतिवद्धता जनाएको छ ।

यसैगरी सबै कार्यालयमा सूचना अधिकारीको व्यवस्था र तोकिएको समयसिमा भित्रै सूचना प्रवाह गर्ने व्यवस्था मिलाउने, सूचना माग भएको र प्रवाह भएको छुट्टै फाईल खडा गरि अभिलेख राख्ने निर्णय भएको प्रजिअ आचार्यले बताउनुभयो ।

सर्वसाधारणहरूलाई सरकारी कार्यालयले गर्ने गतिविधि तथा प्रदान गर्ने सेवा सुविधामा सहज पहुँच स्थापित हुने सरोकारवालाहरूको अपेक्षा छ । कार्यक्रममा प्रमुख सूचना आयुक्त बाँस्कोटाले कानुनले व्यवस्था गरेअनुसारको सूचना लुकाउने अधिकार कसैलाई नभएकाले त्यस्तो गर्नेलाई कारवाही हुने चेतावनी दिनुभयो ।

लोकतन्त्रको रक्षा, पारदर्शीता, सुशासन, दिगो विकासका लागि सूचनाको हकको पूर्ण पालना हुनुपर्ने प्रमुख आयुक्त बाँस्कोटाको भनाई थियो । सहायक प्रजिअ याद( बनाथ आचार्यले सञ्चालन गर्नुभएको कार्यक्रममा सहभागि कार्यालय प्रमुख, सूचना अधिकारी, क्याम्पस प्रमुख, सामुदायीक विद्यालयका प्रअ र पत्रकारहरूलाई सूचनाको हक सम्बन्धि संवैधानीक व्यवस्था र कार्यान्वयनको अवस्थाको विषयमा अभिमुखीकरण गरिएको थियो । सार्वजनिक निकायमा पारदर्शीता कामय गरि भ्रष्ट्राचार र अनियमितता न्युनीकरण गर्दै सुशासन कायम गर्नका लागि सूचनाको हकमा भएका व्यवस्थाको व्यवहारिक कार्यान्वयनका लागि आम नागरिक जागरूक र सरकारी अधिकारीमा इच्छाशक्ति तथा इमान्दारीताको आव( श्यकता देखिन्छ ।

## बेनीमा .....

मारूनी भनिन्छ । पुर्स्यौली नाच्नका लागि १२ जना पुरुष र सोरठी गाउन पनि त्यतीकै संस्यामा महिलाको आवश्यकता पर्छ ।

कला र गला भएका धेरै जनशक्ती आवश्यक पर्ने यो नृत्य प्रर्दशन जनशक्तीको अभाव प्रमुख चुनौती रहेको छ । प्रतियोगिताको शनिबार म्याग्दीका प्रमुख जिल( ला अधिकारी केशवराज आचार्यले उद्घाटन गर्नुभयो । प्रजिअ आचार्यले परम्परागत भाषा, कला र संस्कृतिको जगेर्ना गर्न सम्बद्ध सबै समुदाय अग्रसर हुनुपर्ने बताउनुभयो ।

कार्यक्रममा आदीबासी जनजाती महासंघका जिल्ला अध्यक्ष मुक्ति रोका, म्याग्दी उद्योग वाणिज्य संघका अध्यक्ष जिवनबहादुर विश्वकर्मा, राजनीतिक दलहरूको तर्फबाट नेकपा एमालेका अध्यक्ष हरिकृष्ण श्रेष्ठ, प्रायोजक राजकुमार थापाले शुभकामना मन्तव्य व्यक्त गर्नुभएको थियो ।

नेपाल मगर संघ म्याग्दीका अध्यक्ष मनप्रसाद थजालीको अध्यक्षता, सचिव लोकेश पुनमगरको सञ्चालन र सहसचिव पूर्ण पुनको स्वागत मन( तव्यमा उद्घाटन कार्यक्रम सम्पन्न भएको थियो ।

प्रतियोगितामा पुन समाज रामबजार पोखरा प्रथम, करवाकेली पुर्स्यौली समूह काफलडाँडा दोस्रो, चिमखोला पुर्स्यौली समूह तेस्रो, पाउद्वार र मुना पुर्स्यौली समूह सान्तवना भएका छन् ।

प्रथम, दोस्रो, तेस्रो र सान्तवना हुने समूहले क्रमश नगद २५ हजार, बिस हजार, पन्ध्र हजार र दश हजार रूपैयाँका दरले पुरस्कार प्राप्त भएका छन् । प्रतियोगितामा सहभागी सबै समूहलाई पाँच हजार रूपैयाँका दरले भत्ता उपलब्ध गराइएको छ ।

प्रमुख जिल्ला अधिकारी केशवराज आचार्य, स्थानीय विकास अधिकारी प्रेमराज गिरी, नेपाल मगर संघ म्याग्दीका अध्यक्ष मनप्रसाद थजाली, सल्लाहकार मुक्ति रोका, राजकुमार थापा, डमबहादुर पुन लगायतले पुरस्कार वितरण गर्नुभएको थियो ।

प्रतियोगितामा सहभागि रूम पुर्स्यौली समूहका ६ वर्षिय सरोज बुढाथोकी, ७७ वर्षिय बिम पुर्स्यौली समूहकी जैकला जुग्जाली र झिँका पतीराम थजालीलाई सम्मान गरिएको थियो । प्रतियोगिता सुरू हुनुपुर्व संघको सभाहलबाट झाँकी सहित निस्कीएको मगर समुदायको ऱ्यालीले बजार परिक्रमा गरेको थियो ।

यसैगरी म्याग्दीका मगर समुदायले माघे संक्रान्ति पर्व हर्षोउल्लासका साथ मनाएका छन् । मगर समुवायले माघे र साउने संक्रान्ति पर्वलाई विशेष महत्वका साथ मनाउने गर्छन् । माघे संक्रान्तिलाई बर्खा सुरू भएको र साउने सक्रान्तिलाई हिउद सुरू भएको संकेतको रूपमा लिने गर्छन् । माघे संक्रान्ति पर्वको अवसरमा आफन्तहरूलाई घरमा बोलाएर मिठा, मिठा परिकार खुवाउने, भेटघाट गर्ने र शुभकामना साटासाट गर्ने चलन रहेको छ ।

सगुन स्टेशनरी स्टोर्स
विभिन्न पाठ्यपुस्तक,स्टेशनरी सामग्री,खेलकुद एवम् पत्रपत्रिका
धार्मिक तथा साँस्कृतिक सामानहरूको थोक तथा फुटकर विक्रेता
क्याम्पस चोक बेनीबजार, म्याग्दी, फोन नं. : ०६९५२००३५, मो. नं ९८४७६२४३४४

म्याग्दी जिप्रकादनं. १/०६७/०६८, म्याग्दी जिहुदनं. ०९/०७१/०७२



# आठौ माउन्ट युरेस कपको उपाधी आयोजकको कब्जामा

■ नवविकल्प



बेनीमा शुक्रबार सम्पन्न आठौ माउन्ट एभरेष्ट कप छात्रछात्रा भलिबल प्रतियोगिताको उपाधिमा आयोजक विद्यालयले कब्जा जमाएको छ ।

माउन्ट एभरेष्ट आवासिय माविमा गठित युवा रेडक्रस सर्कलले आयोजना गरेको प्रतियोगिताका छात्र, छात्रा तर्फको दुई वटै उपाधि आयोजक विद्यालयले जितेको हो । छात्रतर्फ गलेश्वर मावि तोरीपानी र छात्रातर्फ सर्वोदय मावि भुरुङ तातोपानी उपबिजेता भएका छन् ।

छात्रतर्फ बिजेता र उपबिजेता समूहले रनिङ शिल्ड, प्रमाणपत्र र मेडल सहित क्रमश नगद ३५ हजार र बिस हजार रूपैया पुरस्कार प्राप्त गरेका छन् । यसैगरी छात्रतर्फ बिजेता र उपबिजेताले शिल्ड, मेडल र प्रमाणपत्र सहित नगद १८ हजार र १२ हजार रूपैया पुरस्कार प्राप्त गरेका छन् ।

तिन दिनसम्म सञ्चालन भएको प्रतियोगितामा बिस समूहले सहभागिता जनाएका थिए । छात्रतर्फ गलेश्वर माविका शिव श्रेष्ठ र छात्रातर्फ माउन्टकी सुस्मी पुर्जालाई उत्कृष्ट खेलाडी घोषणा गरिएको थियो ।

युरेसका सभापति सुदन कार्कीको अध्यक्षता, शिक्षक नायक कमल बानियाको सञ्चालन र प्रिन्सीपल राजु केसीले समापन गर्नुभएको कार्यक्रममा शिक्षा कार्यालयका स्रोत व्यक्ति मोहन बानिया, जिल्ला खेलकुद विकास समितिका अध्यक्ष कृष्णुकमार विश्वकर्मा, जिल्ला भलिबल संघका अध्यक्ष रमेशकुमार श्रेष्ठ लगायतले पुरस्कार वितरण गर्नुभएको थियो ।

प्रो. सन्दीप/सलिना खत्री मो.९८४७७३८१३२,९८४७७५९७६६
ए हजुर कता ? प्रिन्टीङ्ग सम्बन्धी सम्पूर्ण काम यता !
लालीगुराँस प्रिन्टीङ्ग सेन्टर
संगमचोक, बेनीबजार म्याग्दी
फ्लेक्स प्रिन्ट,डिजिटल ब्यानर, लाईट बोर्ड, होडिङ्ग बोर्ड, रिफ्लेक्टी बोर्ड, कप प्रिन्ट, मायाको चिनो, मेडल, सम्मानपत्र, प्रमाणपत्र, डिजिटल परिचयपत्र, स्टीकर प्रिन्ट, टोपी प्रिन्ट, भिजीटीङ्ग कार्ड, फोटो प्रिन्ट,विवाह/व्रतबन्ध कार्ड, जर्सी प्रिन्ट, डिजिटल नाईलन छाप तथा डेस्कटप सम्बन्धी छिटो, छरितो र गुणस्तीय कामका लागि सदैव हामीलाई सम्झनुहोस् ।

प्रवन्ध निर्देशक - शंकर बराईली मो. ९८५७६२४३३४
प्रो. जीवनकुमार विश्वकर्मा मो. ९८५७६८००३४
"नारीको चाहना शुद्ध सुनमा मनमोहक गहना"
जीवन सुन चाँदी दुकान
बेनी नगरपालिका-७, न्यूरोड, बेनीबजार
(फोन ०६९-५२०१३४)
विगत लामो समयदेखि ग्राहक महानुभावज्यूहरुको माझमा विश्वासिलो एवम् भरपर्दो सेवा प्रदान गर्दै आइरहेको यस 'जीवन सुनचाँदी दुकान'ले परम्परागत तथा अत्याधुनिक डिजाइनका शुद्ध सुनबाट बनेका तयारी गरगहनाहरु उपलब्ध गराउनुका साथै कम्प्युटर तौलका माध्यमबाट सुनचाँदी खरिद बिक्री समेत गर्दै आएको छ । भरपर्दो सेवाका लागि सदासर्वदा हामीलाई सम्झनुहोला ।

सबै काम एउटै छानामुनी
कलर तथा सादा छपाइ, नाइलन/डिजिटल छाप, स्टेशनरी तथा मसलन्द सामान, कलर तथा सादा कम्प्युटर प्रिन्ट, लेमिनेशन सेवा अर्डर बमोजिम सम्पूर्ण मसलन्द सामानहरु उपलब्ध गराइन्छ ।
प्रो. सुदर्शनकुमार श्रेष्ठ
दीप्ति अफसेट प्रेस एण्ड स्टेशनर्स
गणेशटोल बेनी, म्याग्दी
फोन नं. ०६९-५२०२४०, ५२०४४०, ९८५७६४०४४०, ९८४७६३३९९८
विजुली नभएको बेलामा जेनेरेटरको पनि व्यवस्था

उद्यम गरौ, उद्यमशिल संस्कारको विकास गरौ ।
स्थानीय उद्यमीले उत्पादन गरेका सामाग्रीको प्रयोग र प्रर्वद्धन गरौ ।।
मुदीमै झोला, स्वीटर, अगरबत्ती र च्याउ
मुदीका उद्यमीहरुले उत्पादन गरेका झोला र स्वीटर तथा खिवाङका उद्यमीले उत्पादन गरेको अगरबत्तीको प्रयोग र केन्य च्याउको उपभोग गरौ ।
झोलाका लागि: सगरमाथा लघुउद्यमी समूह, मुदी
स्वीटरका लागि : धौलागिरी लघुउद्यमी समूह, मुदी
सिर्जनशिल कन्यच्याउ लघुउद्यमी समूह खिवाङ
अगरबत्तीका लागि : प्रगतिशिल लघुउद्यमी समूह खिवाङ

पसल सरेको सूचना
बेनी बजारको पिपलचोकबाट सेवा दिँदै आएको महारानी वर्कसप बेनी बजारको गणेशटोलबाट (शिखर होटलको अगाडी) यही मंसिर १५ गते देखि सेवा दिने सम्पूर्ण ग्राहक मानुभावहरुमा जानकारी गराउँदछौ । साथै, सुजिकी कम्पनिको मोटरसाइकल र स्कुटीको अधिकृत विक्रेता । सम्पूर्ण कम्पनीका मोटरसाइकल र स्कुटीहरु मर्मत, सर्भिसिङ र पार्टपुर्जाहरु सुपथ मूल्यमा पाइन्छ ।
प्रो. सज्जन शाक्य (मोवाइल नं ९८५७६२३४०९)
महारानी वर्कसप
बेनी बजार,म्याग्दी

सुन्दर नगरी बेनीबजारमा हजुरहरुको चाहनालाई मध्यनजर गर्दै
नयाँ व्यवस्थापनका साथ हामी तपाईंहरुको साथमा
लामा भान्छाघर एण्ड रेष्टुरेन्ट
कोटभण्डारचोक, बेनीबजार, म्याग्दी
हाम्रा सेवाहरू
- खाना/फापरको ढिडो - नेवारी खाजा - चटामरी
- बारा - पिज्ज - नान - अन्य परिकारहरु
फ्रि वाइफाई, फ्रि होम डेलिभरी, पार्किङ सुविधा
प्रो राजन लामा, फोन : ०६९-५२१२००, मो.नं.: ९८४७६३३८९४

Our Services
Iphone Unlock, Jailbreak & repairing,
Nokia, Samsung, LG, Sony, Blackberry,
HTC, Flash, Unlock & Repair
प्रो. नरेश श्रेष्ठ
नरेश मोबाइल सेन्टर
हुलाकचोक, बेनीबजार, म्याग्दी
मोबाइल नं. ९८५७६२८०११, ९८४७६१९०११

प्रो. नारायणप्रसाद सेन्चुरी मो.नं. : ९८५७६४०२१४
बागलुङ देवी सुन चाँदी गहना पसल
बैंकरोडदेखि दुरसञ्चारचोक, बेनीबजार, म्याग्दी
फोन : ०६९-५२००५६
हाम्रा सेवाहरू
यहाँ अर्डर अनुसार डिजाइनका सुन चाँदीका गरगहनाहरु पाउनुका साथै सुन चाँदी खरिद बिक्री गरिन्छ।
साथै राशि अनुसारको पत्थर पनि पाइन्छ ।

प्रो. रिम कटुवाल क्षेत्री/हरि भण्डारी
रारा अटोमोबाईल्स
पर्वत बेनी, पक्की पुल नजिकै, हाइवे रोड
(फोन : ०६९-५२०९९, मोवाइल ९८५७६२१८६३, ९८०६१३०४९०)
हाम्रा सेवाहरू
विगत लामो समयदेखि कालीपुलबाट सेवा प्रवाह गर्दै आएको रारा अटोमोबाईल्स अब पक्की मोटरेवलपुलको नजिकै पर्वत बेनीको आफ्नै भवनबाट सेवा प्रवाह गरेको जानकारी गराउँदछौ । नयाँ मोडेलका महेन्द्र एण्ड महेन्द्र कम्पनिका सवै गाडी र ट्याक्टरहरुको अधिकृत विक्रेता । गाडी मर्मत गर्नुपरेमा साथै सर्भिसिङ गर्नुपरेमा हामीलाई सम्झनुहोस । टिभिएस ब्राण्डका बाइक र स्कुटीहरु बिक्री तथा मर्मत पनि गरिन्छ ।

प्रो. पल्टन शाह
गुप्ता फ्रेस हाउस
क्याम्पसचोक बेनी बजार, म्याग्दी
फोन-०६९-५२०६४४
मो.नं. ९८५७६२२२३७
हामीकहाँ कुखुरा एवम् खसीको ताजा मासु पाइनुका साथै होम डेलिभरीको पनि सुविधा छ ।

प्रो. बुद्धि महत (मो.नं. ९८४९८३३२३८)
प्रबन्ध निर्देशक : प्रमिला जिसी महत (मो.नं. ९८४७७८११७१)
महत न्यू फेन्सी पसल
न्यूरोड, बेनीबजार, म्याग्दी
हाम्रा सेवाहरू
हामीकहाँ कोरियन, हङकङ, सिंगापुर, थाइल्याण्ड तथा स्वदेशी फेन्सी सामानहरु होलसेल तथा खुद्रा पाइनुका साथै क्याम्पस, बोर्डिङका ड्रेसहरु, खेलकुदका सामग्रीहरु सुपथ मूल्यमा पाइन्छ ।

प्रो. मुकुन्द शर्मा ९८४७६४२९५६
प्रो. अमृतप्रसाद शर्मा ९८४७६५२०९०
विशाल हार्डवयर्स एण्ड जनरल सप्लायर्स
शिक्षामार्ग, बेनीबजार, म्याग्दी
फोन : ०६९-५२०८९७
हाम्रा सेवाहरू
छड, सिमेन्ट, जस्तापाता, प्लाइ, सनमाइका, रङ रोगन, काँटी, कब्जा लगायत घर निर्माण सम्बन्धी सम्पूर्ण सामानहरु सुपथ मूल्यमा बिक्री गरिन्छ। साथै नेपाटपको पाइप र ग्यारेन्टीवाला पानी टंकी पनि पाइन्छ।

प्रो. सुरेन्द्रराज शर्मा मो.नं. ९८५७६२२०७७, ९८५७६२४५७७
संगम ट्रेडर्स & संगम हार्डवयर
कालीपुल (वेष्ट प्वाइन्ट कलेजको नजिक) बेनी, म्याग्दी
फोन : ०६९-५२१११७, फ्याक्स : ०६९-५२०९२८
हाम्रा सेवाहरू
हामीकहाँ निर्माण सम्बन्धी सम्पूर्ण सामग्रीहरु (छड, सिमेन्ट, कर्कटपाता, पाइप, पाइप फिटिङका सामान, रंगरोगन) थोक तथा फुटकर थोक मूल्यमा पाइन्छ।
ब्रिज सिमेन्ट र पञ्चकन्याबाट उत्पादित सम्पूर्ण सामानका साथै नेरोल्याक पेन्टस्को अधिकृत बिक्रेता
हाम्रो सेवा दरबाङ बजारबाट पनि- फोन : ०६९-६८००७७

नवविकल्प साप्ताहिक, प्रकाशक/सम्पादकः ठाकुरप्रसाद आचार्य, प्रधान सम्पादक : देवीप्रसाद शर्मा, कार्यकारी सम्पादक : सन्तोष गौतम, कम्प्युटर सेटिङ्ग : प्रमोद शर्मा (९८५७६२१५६०)
कार्यालयः शान्तिटोल, बेनीबजार, म्याग्दी मुद्रणः दीप्ति अफसेट प्रेस, बेनीबजार Email :- bikalpanews@gmail.com, Phone 069-520995, 9847624286